साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३४ २०८२ चैत १० गते मंगलबार (March 24, 2026) मूल्य रू. १०/-

## बालेन सूत्र : सद्भाव, सहिष्णुता र सहकार्य

*रास्वपाका बरिष्ठ नेता बालेन साहले चैत १३ गते रामनवमीका दिन प्रधानमन्त्री पदको सपथग्रहण गर्ने भएका छन् । सपथ अघि नै उनले स्टाटस लेखेका छन्- सद्भाव, सहिष्णुता र आपसी सहकार्यबाट नै देश अघि बढ्छ । एक-अर्काप्रति सम्मान, समझदारी र एकताले समाजलाई अझ सुदृढ बनाउँछ ।*

*पूर्वराजाले संवाद, सहमति र सहकार्यको सूत्रकै मार्ग पछ्याएका बालेन साहका सुरूका निर्णय सर्वत्र प्रतिक्षा रहेको छ ।*



## पुराना हजार स्थानमा नयाँ नियुक्ती गरिने



पुराना सरकारहरूले गरेका राजनीतिक नियुक्तीहरू उल्टने भएका छन् । बालेन प्रधानमन्त्री हुनासाथ उनले राजनीतिक नियुक्ती खाएका पाएकाहरूलाई राजीनामा दिने अवसर दिनेछन् । जसले मान्नेछैनन्, उनीहरू बर्खास्तगीमा पर्नेछन् ।

एघारसयको हाराहारीमा रहेका राजनीतिक पदहरूमा सक्षम र इमानदार युवाहरूले अवसर पाउने रास्वपाका केही नेता बताउँछन् । जनताले रास्वपालाई आश्चर्यजनक रूपमा जनादेश दिएकाले रास्वपाले पनि चमत्कारिक रूपमा काम गर्ने चुनौती रहेको छ । सुशासन, भ्रष्टाचारको अन्त्य र जनताका अपेक्षाहरू संवोधन गर्न सय दिनमै रास्वपाले धेरै काम गनुपर्नेछ । जनताले परिवर्तनका पक्षमा मतादेश दिएकाले परिवर्तनको झल्का तत्काल देखाउनै पर्नेछ ।

## प्राज्ञिक र नेपाली बैज्ञानिक पनि पुरस्कृत



भावुक, शाक्य र गिरीलाई 'वानीरा पुरस्कार'को घोषणा भएको छ ।

नेपाली भाषासाहित्यको सिर्जनामा साढे सात दशक अघिदेखि साधनारत कवि तथा गीतकार श्री माधव खनाल 'भावुक'लाई 'वानीरा प्रज्ञा पुरस्कार' समर्पण गर्ने निर्णय भयो । भावुकको पहिलो कृति २००९ सालमा प्रकाशित भएको थियो । भावुककृत कवितासंग्रहमा मविवि शाह, बालकृष्ण सम र मातृकाप्रसाद कोइरालाले भूमिका लेख्नु भएको थियो । उहाँका तीन कृति र सयौं रचना प्रकाशित छन् ।

विगत चार दशकअघिदेखि कम्प्युटरमा नेपाली लिपिको निर्माणका साथै पछिल्ला समयमा कृत्रिम बौद्धिकतामा आधारित मौलिक यन्त्र मानव (रोबोर्ट) को आविष्कारसमेत गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको गौरव बढाएबापत कम्प्युटर वैज्ञानिक श्री मुनि शाक्यलाई 'वानीरा शङ्कर पुरस्कार' समर्पण गर्ने निर्णय भयो ।

र, आख्यान, कविता र हास्यव्यङ्ग्य लेखनमा समर्पित रही नेपाली भाषासाहित्यको संवर्धनमा योगदान दिएबापत चितवनका श्री धनराज गिरीलाई 'वानीरा पुरस्कार' समर्पण गर्ने निर्णय भयो । साथै काठमाडौं ३१ वडाको विकासमा समर्पित श्री सरोज ढकाललाई 'वानीरा सेवा सम्मान' समर्पण गर्ने निर्णय भयो । सचिव नरेन्द्रराज प्रसाईका अनुसार वानीरा फाउन्डेसनका संस्थापक तथा संरक्षक ई.शङ्कर गिरीको उपस्थितिमा अध्यक्ष श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको वानीरा फाउन्डेसनको बैठकले उक्त निर्णय गरेको हो ।

## प्रधानसेनापतिको पूर्व सेनापतिहरूसँग छलफल



प्रधानसेनापतिले पूर्व प्रधानसेनापतिहरूलाई निम्त्याएर वर्तमान चुनौती र आगामी दिनमा सेनाले गर्नुपर्ने काम, कर्तव्यका बारेमा गम्भीर छलफल गरेका छन् ।

जेनजी आन्दोलनमा पद्धतिनै भत्काएर प्रश्न उठाएपछि आमनिर्वाचनमा जनताले रास्वपालाई राजनीतिक नक्सा नै उलटफेर हुनेगरी मतादेश दिएको सन्दर्भमा नेपाली सेनाले अपनाउनु पर्ने सतर्कताका बिषयमा छलफल भएको बुझिएको छ ।

भन्नलाई **समसामयिक परिस्थितिको सम्बन्धमा** अन्तरकृया भएको भनिए पनि नयाँ सरकार नबन्दै किन यस प्रकारको सचेतता अपनाइयो ? प्रश्न उठेको छ । स्थिर सरकार आएपछि समस्याभन्दा पनि समाधान आउने अड्कल छ । तर सेना भने आउनसक्ने संकटको सामनाका लागि तैयारीमा जुटिसकेको देखिन्छ ।

हो, चुनाव सम्पन्न भएको छ । चुनावी परिणाम आश्चर्यजनक देखिन्छ । ३७ वर्षको शासनमा ३० सरकार फेर्नेहरू पाखा लागेका छन् । परम्परागत सत्ता सञ्चालनमा परिवर्तन आउने लक्ष्यण देखिन्छ । ३६ वर्षे बालेन साहले १३ गते सपथ खानेछन् र मन्त्रिमण्डल निर्माण गर्नेछन् । सबै नयाँ अनुहार र युवा भएकाले पनि उनीहरूको काम गर्ने शैली जोशिलो हुनेमा कुनै शंका देखिदैन । जानकारहरू बताउँछन्, देशको राजनीति नयाँ मोडमा पुगिसकेको स्थितिमा नेपाली सेनाभित्र तरङ्ग उत्पन्न भएको हो । परिवर्तनलाई सुरक्षा निकाय चनाखो भएर हेरेको हो ।

८ दशक पुराना दल जो ३७ वर्षदेखि आलोपालो शासनसत्तामा थिए, तिनीहरू जनताको धोवी धुलाई चुटाइमा परेका छन् । पुराना दलहरू कमजोर भएका छन् । नयाँ दल र अनुहारहरूलाई जनताले सम्पूर्णरूपमा विश्वास गरेका छन् । सिंहदरबार, शीतलनिवास, बालुवाटार, संसद्, न्यायालय र प्रशासनिक संयन्त्र मात्र होइन, संघीयता, धर्मनिरपेक्षता, गणतन्त्रलाई नै प्रश्नको घेरामा उभ्याइदिएको छ ।

जनादेश, मतादेशले अब के के परिवर्तन गर्ने हो, त्यो उत्सुकताको विषय छ । सायद नेपाली सेना ती सबैको मन्थनमा जुटेको हुनसक्ने आँकलन छ ।

# मेलमिलाप नै राजमार्ग

लामो अन्तरालपछि बल्ल स्थिर सरकार बन्नेभयो । देशमा राजनीतिक अराजकताको अन्त्य हुनेभयो । राजनीतिक स्थिरताका लागि मेलमिलापको नीति अख्तियार गरेर अघि बढ्नैपर्ने साँचोमा ढालिनसके १३ गते बन्ने बालेन साहको नेतृत्वको रास्वपा सरकार चमत्कारिक युगान्तकारी बन्नसक्ने अनुमान गर्न थालिएको छ । खासगरी छिमेकी भारत र चीन, विश्वशक्ति अमेरिकालेबालेन साहको नेतृत्वको सरकारसँग मिलेर काम गर्ने जनाउ दिइसकेका छन् । यो अवसरलाई बालेन साहको इन्जिनियरिङ डिजाइन र भिजनले व्यवस्थापन गर्नसक्यो भने नयाँ पुस्ता इतिहासमा लेखिने नाम हुनेछ भने जनताले गरेको निर्णय सत्य साबित ठहरिनेछ । जनविश्वास हारेको इतिहास छैन, नेपालीले पनि जित्नेछन् ।

वातावरण र कानुन लगानीमैत्री बनाउनुछ । विदेशीएका युवाहरूलाई फर्कने वातावरण सिर्जना गर्नुछ । तालालागेका उद्योग खोल्नुछ, नयाँ उद्योग खोलेर रोजगारी बढाउनुछ । कतै पनि पूर्वाग्रही नदेखिनेगरी देशको विकास र सार्वभौमिकताको रक्षा गर्नुछ । यति नै बेला भारतले चीनसँग लिपुलेकबाट व्यापार गर्ने घोषणा गरेको छ । जुन बालेनका लागि तगारो ठड्याइएको हो । यी यस्ता अनगिन्ति तगाराहरू आउनेछन्, जसलाई राजनीतिक सुझबुझ र कूटनीतिक चलाखीका साथ अघि बढ्नुछ । जसले रास्वपालाई प्रचण्ड बहुमतले जिताएका छन्, तिनले सही सुझाव दिनुपर्छ, युवापुस्तालाई विज्ञ विशेषज्ञहरूले टेको लगाएर सफलता उन्मुख बनाउनुपर्छ ।

बालेन नेतृत्वको रास्वपाको सरकारका लागि मेलमिलापको बिकल्प छैन । मेलमिलाप भनेको राजा र जनताको मेलमिलाप हो । मेलमिलापकै अभावमा असफल भएका पुराना दलहरूले बहुदलपछि ३७ वर्ष शासन गरे, ३० सरकार बनाए । लोकतन्त्रका नाममा १७ वर्ष शासन गरे १५ सरकार बनाए । नतिजा जिल्ला जिल्ला, क्षेत्र क्षेत्रमा राजाको अभिनन्दन हो, गाउँसहरमा राजा आउ देश बचाउको नारा घन्किनु हो । र, भदौ २३ र २४ को जेनजी आन्दोलन र बिद्रोह हो । फागुन २१ को निर्वाचन हो । निर्वाचन परिणामले देखायो- जनताको शक्ति । जनता परिवर्तनको पक्षमा छन्, भ्रष्टाचारको विपक्षमा छन्, जनता सुशासन चाहन्छन्, जनता मेलमिलाप चाहन्छन् । जनता देश लुट्नेहरूमाथिको दण्ड हेर्न चाहन्छन् ।

रास्वपालाई जनताले काँधैभरि मतको भारी बोकाइदिएका छन् । यो भारी रास्वपाले बोक्न सक्ला कि नसक्ला ? अहिले प्रश्न उठेको छ । प्रश्न उठाउने पुराना पार्टीहरू नयाँसँग अनुभव छैन भनेर खिसिट्यूरी गरिरहेका छन् । नयाँसँग जनादेश छ, नयाँसँग इमानदारिता छ, नयाँसँग जनताप्रति जवाफदेहीता छ, नयाँसँग जोश, जाँगर छ भन्ने कुरा पुरानाले बिर्सेका छन् । नयाँले सिंहदरवार छिरेपछिका क्रान्तिकारी निर्णयहरूले यथार्थमा अग्रगमन छलाङ् कस्तो हुन्छ भनेर देखाउने आशा धेरैको छ ।

हो, नयाँमा समस्या छ, रास्वपाका नयाँ सांसदहरू एकले अर्कोलाई चिनेकै छैनन् । कुन सांसद कताबाट प्रभावित छन्, कुन सांसदको भित्री अभिष्ट के हो भन्ने पनि प्रष्ट छैन । कतिपय सांसद अन्य पार्टी त्यागेर आएकाले पनि तिनको इमान तलबितल हुने त होइन भन्ने जोखिम पनि छ भनिदैछ । यति हुँदाहुँदै पनि रास्वपाका सभापति रवि लामिछानेले राइट टु रिकलको व्यवस्था सबै सांसदलाई बुझाएका छन्, पढाएका छन् । यसका लागि पार्टीबिधानमा व्यवस्था गरिदैछ । समष्टिमा भन्नुपर्दा जनताले रास्वपाको इतिहास लेखिदिएका छन् अब रास्वपाले जनताको विश्वासमा खरो उत्रनै पर्ने बाध्यता छ । अन्यथा रास्वपा पनि उही कानै चिरिएका जोगी हुनेछन् । तर रास्वपाको बाचापत्र, नागरिक करारपत्रमार्फत नयाँ सांसादहरू परिचित छन् । तिनको चिनारी बाचापत्र र करार हुनुपर्छ । प्रत्येक सांसदले यतिबेला पार्टीको बाचापत्र र करारनामा हात हातमा बोकेर हिंडेको अवस्था देखिदैछ ।

यो चुनाव कुन संविधानअनुसार भयो, अन्तरिम सरकार बैध थियो कि थिएन, अब संविधानमा संशोधन वा नयाँ लेखन कसरी थालिने हो ? जसरी पनि लोकतन्त्र संस्थागत गर्नुछ । पुराना सरकारले गरेका निर्णय बदर गर्नुछ, नयाँ सक्षम र योग्यहरूलाई नियुक्त गरेर जिम्मेवारी दिनुछ । नयाँ सरकारले काम गर्न अनुकूल वातावरण बनाउन पहिले धेरै प्रकारका कानुन बनाउनु छ । दण्डहीनताको अन्त्य, ०४६ सालपछिका भ्रष्टाचारीहरूको छानबिन र कानुनी कारवाही गर्नुछ ।

र, मन्त्री बन्ने इच्छा सबै सांसदमा हुने मानसिकता हो । सानो आकारको मन्त्रिमण्डल बनाउँदा सबैले मन्त्री बन्न पाउने छैनन् । त्यो स्थितिमा मन खुम्च्याउनेहरू पनि होलान् । म किन मन्त्री भइन भनेर आक्रोसित हुने पनि होलान् । यसपल्टको निर्वाचनमा जनताले जो सांसद वा मन्त्री बनुन्, स्थिर सरकार र सुशासन दिउन् भन्ने अभिलाषा राखेका छन् । जनताको अपेक्षा बिर्सनु भनेको जेनजीको त्यागलाई नजरअन्दाज गर्नुहुनेछ ।

## सुरूमै ट्रेड युनियनको खबरदारी



*'संविधान संशोधन गरे पनि सरकारले ट्रेड युनियन खारेज गर्न सक्दैन' : भोलानाथ पोखरेलले प्रधानमन्त्री नियुक्त नहुँदै भनेका छन् । रास्वपाले संघीयता, ट्रेड युनियनजस्ता खारेज गर्ने बताएपछि पार्टीझोले ट्रेड युनियनहरू जो लूट मच्चाइरहेका छन्, तिनीहरूमा तरङ्ग उत्पन्न भएको छ । अब बन्ने सरकार परिवर्तनका लागि हो भन्ने बुझेनन् । पुराना पार्टीकै भरमा यस्तो खबरदारी गरिएको हुनसक्छ ।*

# हिमनदी तीब्र गतिमा पग्लिदै, २ अर्ब मानिस जोखिममा




इसिमोडको अनुसन्धान रिपोर्ट भन्छ- जलवायु परिवर्तनको असरले हिमनदीहरू तीव्र गतिमा पग्लिँदैछन्, हिमपहिरो, हिमबाढीको जोखिम बढेको छ । हिमनदीको तीब्रताको कारण विश्वका दुई अर्ब मानिस प्रभावित हुने खतरा बढेको छ । इसिमोडका अनुसार जलवायु परिवर्तनकै कारण विश्वव्यापी रूपमा तापक्रम बढ्दो छ । हिन्दुकुश हिमालय रेन्जमा पर्ने सबै हिमालका हिमनदीहरू सन २०००को भन्दा दोब्बर गतिमा पग्लिरहेका छन् ।

इसिमोडको प्रतिवेदनअनुसार सन् १९७५ यता हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको छ । यसले 'एसियाका वाटर टावर' (पानीका स्रोत) बाट बग्ने पानीमा निर्भर तल्लो तटीय क्षेत्रका झन्डै दुई अर्ब मानिसका लागि खतराको जोखिममा परेका छन् ।

यस क्षेत्रमा भइरहेको हिमनदी परिवर्तनको हालसम्मकै सबैभन्दा विस्तृत प्रमाण प्रस्तुत गरेका छन् । 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय (एचकेएच) हिमनदी परिदृश्य २०२६ : हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक उक्त प्रतिवेदनहरू इसिमोडले विश्व हिमनदी दिवसको अवसरमा शनिबार सार्वजनिक गरेको हो ।

हिन्दुकुश हिमालयमा ध्रुवीय क्षेत्र बाहिर सबैभन्दा बढी हिउँ रहेको छ, जहाँ ६३ हजार ७०० भन्दा बढी हिमनदीहरूले करिब ५५ हजार ७८२ वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । यी हिमनदीहरू एसियाका कम्तीमा १० प्रमुख नदी प्रणालीका स्रोत हुन्, जसले अर्बौं मानिसको खाद्य, पानी, ऊर्जा र जीविकोपार्जनको सुरक्षा गर्छन् ।

इसिमोडको अध्ययन अनुसार समुद्री सतहबाट चार हजार ५०० देखि छ हजार मिटर उचाइमा रहेका करिब ७८ प्रतिशत हिमनदी क्षेत्रहरू 'उचाइमा आधारित बढ्दो तापक्रमको उच्च जोखिम'मा छन् । "यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भएको सङ्कट हो । यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै कार्यका लागि प्रेरित गर्नुपर्छ, **इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सो**ले भन्नुभयो, "हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ । पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्र रूपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौं भन्ने स्पष्ट पारेको छ । हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ । यी 'ब्लाइन्ड स्पट' बाट सुरू हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो ।"

हिमनदीको १२ प्रतिशत क्षेत्रफल ह्रास भइसकेको छ । इसिमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिमनदी गतिशीलता प्रतिवेदनका मुख्य लेखक सुदनविकास महर्जनका अनुसार सबैभन्दा तत्कालको खतरा यस क्षेत्रका साना हिमनदीहरूबाट छ ।

एचकेएच हिमनदी परिदृश्य प्रतिवेदनले ३८ वटा अनुगमन गरिएका हिमनदीहरूको तथ्याङ्कलाई सङ्कलन गरेको छ । जसले सन् २००० पछि हिउँको व्यापक ह्रास भएको देखाएको छ । यसले हिमाली हिउँमण्डलका केही भागहरू अपरिवर्तनीय विनाशतर्फको 'टिपिङ पोइन्ट' नजिक पुगेको सङ्केत गर्छ । यद्यपि प्रतिवेदनले तथ्याङ्कमा रहेको एउटा ठूलो खाडललाई औंल्याएको छ । ती ३८ मध्ये केवल सात वटाले मात्र विश्व हिमनदी अनुगमन सेवाको विश्वव्यापी बेन्चमार्क मापदण्ड पूरा गरेका छन् ।

इसिमोडका हिउँमण्डल विशेषज्ञ मोहम्मद फारूक आजमले भन्नुभयो, "हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँच बाहिर छ । अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ । नेपालका 'मेरा' र 'रिखा साम्बा' तथा भारतको छोटा सिग्रीजस्ता प्रतिनिधिमूलक हिमनदीको निरन्तर अनुगमन महत्त्वपूर्ण छ, तिनीहरू सम्पूर्ण पर्वतीय प्रणालीका लागि हाम्रा 'प्रारम्भिक चेतावनी' सूचक हुन् ।" सन् २०२५ लाई 'हिमनदी संरक्षणको अन्तरराष्ट्रिय वर्ष' र सन् २०२५-२०३४ लाई 'हिउँमण्डल विज्ञानका लागि कार्य दशक' घोषणा गरिएको सन्दर्भमा, यी निष्कर्षहरूले कार्यको तत्काल आवश्यकतालाई गम्भिर रूपमा स्मरण गराएका छन् । हिन्दुकुश क्षेत्रले अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानलाई समेट्छ ।

# चित्ताकर्षक फास्टट्र्याकको दृश्य




नेपाली सेनालाई जिम्मा दिइएको एकघण्टामै काठमाडौं-बारा निजगढ पुगिने फास्ट ट्र्याक सडक गर्व गर्न लायक तरिकाले बनिरहेको छ। सेनाले अन्तराष्ट्रिय मापदण्डअनुसारका पुल तथा सुरूङ निर्माणको काम गरिरहेकोछ।

## राष्ट्रपतिको पुस्तक जलाएपछि रिसायो चीन

मोरङको मनमोहन टेक्निकल इन्स्टिच्युटमा चिनियाँ राष्ट्रपति सी जिनपिङद्वारा लिखित पुस्तक आगो लगाएको घटना सार्वजनिक भएपछि चीनले परराष्ट्र मन्त्रालयमा चासो व्यक्त गरेको छ। चीनले त्यसरी पुस्तक जलाउनेलाई कारवाही गर्न माग गरेको बुझिएको छ। २ हप्ताअघिको शनिबार कलेज परिसरमा चिनियाँ राष्ट्रपति




सी जिनपिङको '**द गभर्नेन्स अफ चाइना**' नामक पुस्तक जलाइएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि चिनियाँ दूतावासले यो घटनालाई गम्भीरतापूर्वक लिँदै कूटनीतिक नोट परराष्ट्र मन्त्रालयलाई पठाएको थियो। यस सम्बन्धमा सरकारले छानबिन त गरेको छ तर झारा टराई कार्यबाट चीन सन्तुष्ट भएको छैन।

उक्त पुस्तकमा आगो लगाएपछि कलेज प्रशासनले काम नलाग्ने पुस्तकहरू फालिएको बताएको थियो। भाइरल भिडियोमा नयाँ पुस्तकहरू नै जलाएको देखिएपछि यो मुद्दाले चीनको ध्यान आकृष्ट गरेको थियो। साना साना घटनाले पनि सम्बन्धमा चिसो पस्न सक्ने विषय हुनेभएकाले यो घटनाले गम्भीर रूप लिएको छ।

## झुकेको शिर उठ्नुपर्छ अब

**सरोज अर्याल-** अब निर्णयको मोडमा छ राष्ट्र।

करिब दुई दशकदेखि नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध, सहायता, कूटनीति र आन्तरिक राजनीतिक अस्थिरताको जटिल घेराभित्र आफ्नो मार्ग खोज्दै आएको छ। यो अवधिमा कतिपयले नेपाललाई "विदेशी प्रभावमा झुकेको राष्ट्र" भनेर व्याख्या गरेका छन् भने अर्कातर्फ यथार्थवादीहरूले यसलाई साना देशको बाध्यता र कूटनीतिक सन्तुलनको अभ्यास मानेका छन्। तर मूल प्रश्न अझै उस्तै छ–के हामी सदैव झुकेको शिर लिएर बाँच्ने हो, वा स्वाभिमानका साथ उभिने समय आएको हो ?

१. दुई दशकको यात्रा: अस्थिरता र निर्भरता

२०६२/६३ को जनआन्दोलनपछि नेपाल नयाँ राजनीतिक युगमा प्रवेश गर्‍यो। राजतन्त्र अन्त्य भयो, गणतन्त्र स्थापना भयो, तर स्थायित्व भने आउन सकेन। सरकारहरू पटक-पटक बदलिँदै गए, नीति निरन्तरता हराउँदै गयो। यसबीच आर्थिक रूपमा वैदेशिक सहायता, ऋण, र रेमिट्यान्समा अत्यधिक निर्भरता बढायो।

- विदेशी सहयोग बिना ठूला परियोजना अघि बढ्न गाह्रो
- नीति निर्माणमा बाह्य प्रभावको आशंका
- आन्तरिक उत्पादन कमजोर हुँदै गयो

यही कारण "नेपाल आफैं निर्णय गर्न नसक्ने अवस्थामा पुगेको छ।"

२. भू-राजनीतिक चक्रव्यूह: सन्तुलन कि दबाब ?

दुई ठूला शक्ति राष्ट्रहरूवीच अवस्थित नेपालका लागि अवसर भन्दा जोखिम बढी देखिदै गयो। पछिल्लो समय अमेरिका, चीन, भारत लगायत शक्तिशाली राष्ट्रहरूले नेपालमा आफ्नो प्रभाव बढाउने प्रयास तीव्र बनाएका छन्।

विकास परियोजनाको नाममा रणनीतिक स्वार्थ, सैन्य तथा कूटनीतिक सहकार्यको विस्तार, आन्तरिक राजनीतिमा अप्रत्यक्ष प्रभाव। यस्तो अवस्थामा नेपालले "सन्तुलित परराष्ट्र नीति" अपनाउनु पर्नेमा कहिलेकाहीँ झुकाव देखिने गरेको छ।

३. नेतृत्व संकट: समस्या कहाँ छ ?

नेपालको सबैभन्दा ठूलो कमजोरी राजनीतिक नेतृत्वमा देखिन्छ।

राष्ट्रिय हितभन्दा दलगत स्वार्थ हाबी हुनु, दीर्घकालीन दृष्टिकोणको अभाव,

निर्णय क्षमतामा कमजोरी। जब नेतृत्व कमजोर हुन्छ, तब राष्ट्रको शिर स्वत: झुक्छ। विदेशी शक्तिहरूले अवसर खोज्छन्, देशभित्रका विभाजनहरू गहिरिन्छन्।

४. जनताको भूमिका: मौनता कि हस्तक्षेप ?

राष्ट्रको दिशा केवल नेताले तय गर्दैनन्–जनताको चेतना पनि उत्तिकै महत्वपूर्ण हुन्छ। पछिल्लो समय नेपाली समाजमा दुई धार देखिन्छ: एकथरी निराश र निष्क्रिय र सचेत र परिवर्तनको पक्षमा। जनता मौन बस्छन् भने झुकेको शिर कहिल्यै उठ्दैन। नागरिक सचेत, संगठित र उत्तरदायी बने भने परिवर्तन सम्भव छ।

५. सम्भावनाको बाटो: कसरी उठ्छ शिर ?

नेपाल अझै पनि अपार सम्भावना बोकेको देश हो। जलस्रोत (हाइड्रोपावर), पर्यटन, कृषि, युवा जनशक्ति। सही नीतिले नेपाल आत्मनिर्भर बन्न सक्छ।

मुख्य उपायहरू:

राष्ट्रिय हित केन्द्रित कूटनीति, आर्थिक आत्मनिर्भरता (उत्पादनमा जोड), सुशासन र भ्रष्टाचार नियन्त्रण, युवा सहभागिता र नेतृत्व विकास, विदेशी सहयोगलाई रणनीतिक रूपमा प्रयोग। जनताले परिवर्तन चाहेका छन्, अब परिवर्तन हुनुपर्छ।

# मेरो बाल्यकालको विद्यायशिक्षा अध्ययनको शिलशिलाको सन्दर्भमा



*प्राध्यापक डा. उत्तमकृष्ण कर्माचार्य*
*२०१८ साल एस.एल.सी उत्तीर्ण विद्यार्थी*

आजाद माध्यमिक विद्यालय स्थापना काल २००७ सालमा मैंले कक्षा एकमा भर्ना पाएको थिँए। मलाई भर्ना गर्नको लागि मेरी आमा बनेपाको दछुटोलको विद्यालय (राजदास वादे श्रेष्ठको घरमा) आफै पुग्नुभएको थियो। मलाई सम्झना भएअनुसार त्यो दिन २००७ सालको फागुन ७ गते नै हुनुपर्दछ। २००७ सालताका हामीले विद्यालय पढेको बेलामा कापी, कलम जस्ता साधारण कुराहरूको पनि व्यवस्था भएको थिएन। कक्षा एक र दुई सम्म पढेको बेलामा हामीले किताव कलमको रूपमा गोरङ्ग मै प्रारम्भिक क, ख, ग.../अ, आ, इ..बाट नेपाली भाषा र १ ,२ , ३.. गरि गणितका साधारण हिसावहरू सिकेका थियौं। पछि हामीले चार/पाँच कक्षामा साधारण कापी, कलमको प्रयोग गरी आधारभूत पुस्तक ठूलो वर्णमाला पढ्ने मौका पाएका थियौं। मलाई सम्झना भए अनुसार पाँच कक्षासम्म ठूलो वर्णमालामा भएकै नेपाली भाषाका आधरभूत ह्रस्वदीर्घका कुराहरू, वर्णमालामा भएको एक देखि हजार सम्मको पाहडी पढ्को थिए। कक्षा पाच पछि अरू साधारण नेपाली र गणितको पुस्तकहरू पढ्ने मौका मिल्यो। शिक्षकहरूको सन्दर्भमा हाम्रो संस्थापक प्रधानाध्यापक स्व. भरतराज श्रेष्ठ हुनुहुन्थ्यो र उहाँसँगै अरू दुईचार जना एस.एल.सी योग्यता भएका शिक्षकहरू हुनुहुन्थ्यो। त्यो बेलामा योग्यता भन्दा अनुभवकै कदर हुन्थ्यो। हाम्रो बेलाका शिक्षकहरूले कक्षा ७/८ काठमाडौं र पाटन बाटै पास गर्नभएका थिएं। मलाई अरू शिक्षकहरूको सम्झना भएन तर हाम्रो ३००७ साल देखि २०१२ सालसम्मको प्राथमिक कक्षामा स्व.राजेन्द्रगोविन्द जोशी नै मुख्य शिक्षकको रूपमा हुनुहुन्थ्यो। उहाँले पनि पाटनमा केहि वर्ष अध्ययन गरी बनेपामा आउनु भई विद्यालयमा काम गर्नभएका रहेछन्।

मलाई सम्झना भए अनुसार २००७ साल देखि २०१८ सालसम्मको अवधिमा आजाद माध्यमिक विद्यालय सुरूका करीव ५ वर्ष स्व.'राजदास वादे श्रेष्ठ' कै घरमा संचालन भएको थियो। त्यसपछि केहि वर्ष बनेपा दछुटोलको भगवानवहालमा संचालन भएको थियो। मैंले प्राथमिक शिक्षा पछि ६/७ कक्षा सम्म उक्त वहालकै स्कूलको रूपमा अध्ययन गरेको थिँए। केहि वर्ष पछि ठाूउको अभावले गर्दा मैंले ८१० कक्षा सम्म चण्डेश्वरी मन्दिरको सतलमा अध्ययन गरेको थिँए। यँहा अध्ययन गरेको करिव ३ वर्ष पछि मैंले एस. एल. सीको टेष्ट् परिक्षा उत्तीर्ण गरें। हाम्रो समूहले यस परीक्षा दिने बेलामा आजाद माध्यमिक विद्यालयको प्रधानाध्यापक स्व. हरिभक्त प्रधान हुनुहुन्थ्यो। हामीले एस. एल. सी दिने बेलामा हामीले स्नात्तक शिक्षकहरूबाट अध्ययन गर्ने मौका पाएका थियौं। २०१५ साल देखि हामीले स्नातक शिक्षकहरूबाट अध्ययन गर्ने मौका पाएका थियौं। मलाई सम्झना भए अनुसार उहूँहरू स्व. हरिभक्त प्रधान, स्व. आसाकाजी सेवक, स्व. रामभक्त कोखश्रेष्ठ र स्व.ज्ञानकाजी मानन्धर हुनुहुन्थ्यो। हामीले परिक्षा दिएको बेलामा उहूँहरूले अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान र अरू विषयहरू अध्ययन गर्नको लागि धेरै सहयोग गर्नभएको थियो। उहूँहरू कै सहयोगबाट आजाद माध्यमिक विद्यालयबाट एस. एल. सी दिएका पाूचौ समूह २०१८ सालमा सत प्रतिशत सफल भएका थियौं। हाम्रो सफलतामा सो बेलाका शिक्षकहरू प्रति हामी निकै कृतज्ञ र आभारी छौं। आजाद माध्यमिक विद्यालयबाट पहिलो पटक एस. एल. सी उत्तीर्ण गर्नहुनेमा :

२०१४ सालमा स्व. विष्णुप्रसाद सेवाचार्य, स्व. गूगाबहादुर चौधरी

२०१५ सालमा स्व. यादबलाल सिकुश्रेष्ठ, स्व. पुष्पराज कायस्थ

२०१६ सालमा गूगासागर श्रेष्ठ

२०१७ सालमा हरिराज श्रेष्ठ, स्व.जुजुभाई पोटेश्रेष्ठ

२०१८ सालमा ज्वाहरलाल पलाञ्चोके, म आफै उत्तमकृष्ण कर्माचार्य, पदमदयाल वादे, गोविन्दलाल प्रधानाङ्ग, हरिभक्त भोछिभोया, नारायणप्रसाद तौजले, स्व. मणिराज कायष्ठ, स्व. केदारनाथ प्रधान, स्व. कृष्णगोपाल श्रेष्ठ।

ऐतिहासिक पृष्ठभूमि

- वि. स. १९९४ सालमा महावीर स्कूलको शाखाको रूपमा सहिद धर्मभक्त माथेमाले उद्घाटन गर्नभएको तथा सहिद शुक्रराज शास्त्रीले समेत अध्यापन गराउनु भएको चण्डेश्वरी विद्या मन्दिरले नेपाली र संस्कृत भाषाको पढाई सुरू भएको थियो। त्यस समयमा आजाद माध्यमिक विद्यालयमा अङ्ग्रेजी भाषाको पठनपाठन शुरू गरी शिक्षाको विकास गर्न महत्वपूर्ण योगदान दिएको थियो।
- वि. सं. १९९५ सालमा शिक्षक श्री खड्गलाल श्रेष्ठको नेतृत्वमा एक गाूउमा एक वर्ष बस्ने गरी सञ्चालित टेक्निकल घुम्तिफिर्ती स्कूलले चण्डेश्वरी स्कूल र स्व.दलानकाजी (पूर्णकाजी राजवंशी)को घरमा गरी दुई ठाूउमा स्कूलको सञ्चालन गर्‍यो।
- १९९७ सालको काण्डपछि सबै किसिमका अङ्ग्रेजी शिक्षा बन्द भएपछि सो स्कूल पनि बन्द भयो।
- वि. सं. १९९८ सालमा साहेबज्यू स्व. हरिविक्रमको स्मृतिमा बनेपामा श्री हरि अमृत धारा स्थापना गरेपछि बनेपामा महिलाहरूले पनि शिक्षा हासिल गर्ने मौका पाएका थिएं।
- वि. सं. २००१ सालमा तान चलाउन, सीप सिकाउन र अङ्ग्रेजी तथा गणित पढाउन थालिएको थियो।
- वि. सं. २००३ सालमा चण्डेश्वरी आधार स्कूल खोलियो र स्व. गोविन्दलाल सिकुश्रेष्ठ, स्व.हरिकृष्ण श्रेष्ठ, स्व.हरिबहादुर श्रेष्ठ आदि शिक्षाप्रेमीहरूद्वारा आआफ्ना घरमा अङ्ग्रेजी पढाउने काम भयो।
- वि. सं. २००६ सालमा स्व.भरतराज श्रेष्ठले आफ्नो मामाघरमा अङ्ग्रेजी पढाउन सुरू गर्नुभएको थियो।
- वि. सं २००७ साल फागुन २५ गते स्थानीय समाजसेवी स्व.राजदास वादे श्रेष्ठको घरको उत्तरपट्टिको पेटीलाई मञ्चको रूपमा प्रयोग गरी भुतपूर्व वाणिज्यमन्त्री स्व.गणेशमान सिंहले उद्घाटन गर्नभएको यस विद्यालयको तत्कालिन नाम आजाद स्कूल थियो।
- वि. सं २००७ सालमा समाजसेवी स्व. राजदास वादे श्रेष्ठको घरको छिूडीका ४ कोठामा सुरू गरिएको पाठशाला कक्षा थपूदै गएपछि स्व.राजदासकै घरका अरू दुई कोठा पनि लिइएको र पछि स्व.गोपालदास वादेको दलान बैठक कोठा समेत लिई विद्यालय सञ्चालन गरिएकोमा वि. सं. २०११ सालमा सो विद्यालय चण्डेश्वरी मन्दिरको पाटीमा सारिएको थियो।
- स्थापना कालमा कक्षा एक देखि कक्षँ चार सम्मको पढाइ भएको र २००८ सालमा माध्यमिक विद्यालय स्तरको स्विकृती पाएको थियो। स्थापना काल देखि विद्यालय सञ्चालनमा कार्यरत रही सेवा पुर्‍याउनु हुने शिक्षाप्रेमी तथा समाजसेवीहरू स्व. राजदास वादे श्रेष्ठ, स्व. भरतराज श्रेष्ठ तथा स्व. गोविन्दलाल सिकुश्रेष्ठ हुनुहुन्थ्यो। शिक्षण सेवामा प्र.अ. स्व. भरतराज श्रेष्ठ, स.प्र.अ. स्व. गोविन्दलाल सिकुश्रेष्ठ, शिक्षक स्व. हरिकृष्ण श्रेष्ठ तथा शिक्षक स्व. राजेन्द्रगोविन्द जोशी हुनुहुन्थ्यो।
- वि. सं. २०११ सालमा सो विद्यालय चण्डेश्वरी मन्दिरको पाटीमा विद्यालय सञ्चालन गर्दा मन्दिरको पूजाआजा र भोजका बेलामा विद्यालय बन्द गर्नपर्ने कठिनता आएपछि वि. सं. २०१५ सालमा यस विद्यालयलाई भोलखाटोल स्व.कुष्णभक्त कायस्थको घरमा सारियो। पछि यसलाई भोलखाटोलकै बहिलमा विद्यालयलाई सारियो।
- २०१७ सालमा विद्यालयका निम्ति जग्गा पर्याप्त नभएको कारण प्राथमिक तह हटाई पुन चण्डेश्वरी मै सारियो।
- वि. सं. २०१९ सालदेखि हाल अवस्थित स्थानमा विद्यालय आफ्नै भवनमा सञ्चालन हुन थाल्यो।

आफूले १० वर्ष अध्ययन गरेको विद्यालयमा पढाउने शुभ अवसर नमिले पनि वि. सं. २०१९ सालमा स्थाई रूपमा अवस्थित विद्यालयको भवनमा मेरो स्नातकोत्तर अध्ययन पछि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र अध्ययन संस्थाको नूया शिक्षा लागु भएपछि अन द स्पट (On the Spot) शिक्षक तालिम केन्द्रको प्रमुखको रूपमा शिक्षक तालिम सञ्चालन गर्ने मौका पाएको थिए। तालिम कार्यक्रम सञ्चालन भईरखेको सिलसिलामा पाइलट योजनाका रूपमा सञ्चालन भएको राष्ट्रिय विकास सेवा (National Devlopment Service) कार्यक्रमको जिल्ला भरि सञ्चालन भएको १ वर्षीय कार्यक्रममा राष्ट्रिय विकास सेवा निर्देशनालय किर्त्तिपुरको काभ्रे जिल्लाको सुपरभाइजरको रूपमा काम भने गर्ने मौका पाएको थिए। उपरोक्त कार्यक्रममा पहिलो पटक जिल्ला बाहिर एक वर्ष खटिएका विभिन्न स्नातकोत्तर विषयका महिला विद्यार्थीहरूलाई एक वर्षको लागि काभ्रे जिल्लामा पहिलो पटक खटाइएको थियो। सो कार्यक्रम सम्बन्धी जिल्लास्तरीय बैठक आजाद माध्यमिक विद्यालयमै सञ्चालन गर्ने मौका मिलेको थियो। गस कार्यक्रम अन्तरगत उक्त कार्यक्रममा महिलाहरूको सहभागिताको अवलकन तथा निरिक्षणका लागि त्रि.वि. शिक्षाशास्त्रको पूर्व डिन स्व. पान्नलाल प्रधान र सहायक डिन म्याडम चन्द्रकला किरण बराम्बार भ्रमणमा पनि आउनुहुन्थ्यो। उक्त कार्यक्रमको वार्षिक मूल्याङ्कन तथा सहभागिताहरूलाई प्रशंसा पत्र वितरण कार्यक्रम धुलिखेल जिल्ला कार्यलयमा आयोजना गरिएको थियो। यस कार्यक्रममा पूर्व उपकुलपति स्व. सूर्यबहादुर शाक्य र मानविकीको पूर्व डिन प्रा. डा. प्रार्थिवेश्वर तिमिल्सिना पनि उपस्थित भई जिल्लामा स्नातकोत्तर छात्राहरूले एक वर्षसम्म गरेका कार्यका मूल्याङ्कन र प्रशंसा गरि प्रशंसा पत्र पनि वितरण गरिएको थियो।

मलाई सम्झना छ वि. सं. २०१९ सालमा आजाद माध्यमिक विद्यालयको स्थाई नूया भवन निर्माणको क्रममा जगको निर्माण गर्ने बेलामा हामी विद्यार्थीहरू सबै मिलेर ढुङ्गा, इट्टा ओसारी सहयोग गरेका थियौं। तर यो भवन नेपालमा आएको विनाशकारी महाभूकम्पमा जगै देखि नै भत्किन पुगेको थियो। यस बारेमा बुझ्न २/३ पटकै जसो विद्यालय पनि पुगेको थिए। यसै सिलसिलामा भगनावेश विद्यालयलाई जापान सरकारको सहयोगमा पुननिर्माण गरिने भनिएपनि विभिन्न कारणहरूले यस विद्यालयको भवन पुननिर्माण हुन सकेको थिएन। पछि भारत सरकारको सहयोगमा यस विद्यालयको भवन पुननिर्माण पुरानै नक्सा अनुसार सम्भव भएको हो। हाल यस नवनिर्मित भवनको हस्तानतरण कार्यक्रम मात्रै बाूकी रहेको जानकारी प्राप्त गरेको थिए।

विद्यालयको अवलोकन तथा हालका गतिविधिहरू बारेमा जानकारी लिन विद्यालयमा पुग्दा हालका प्र. अ. श्री श्यामकृष्ण मानन्धर तथा व्यवस्थापन समितिका अध्यक्ष मुकुन्द तिमिल्सिनासंग भेट भएको थियो। विभिन्न कारणवस प्र.अ. श्री रामनारायण श्रेष्ठसंग भेट हुन भने सकेन। तर सहायक प्र.अ., व्यवस्थापन समितिका अध्यक्ष तथा हाल कार्यरत शिक्षकहरूले भने विद्यालयको वर्तमान अवस्थाको बारेमा जानकारी दिनुभयो र वि. सं. २०६० सालमा विद्यालयको स्वर्ण महत्स्वको उपलक्ष्यमा प्रकाशित स्मारिका पनि मलाई प्रदान गर्नभयो। यस स्मारिकामा स्थापनाकाल देखि वि. सं. २०६० सालसम्म यस विद्यालयबाट एस. एल. सी. परिक्षा उत्तीर्ण गर्नभएका विद्यार्थीहरूको नामवली पनि प्रकाशन गरिएको थियो। यस प्रकाशन पढी मलाई यस विद्यालयबाट एस. एल. सी. परिक्षा उत्तीर्ण गर्नभएका विद्यार्थीहरूको पुनमिलन तथा विद्यँलयको विकास र प्रर्बधनको लागि के गर्न सकिन्छ भन्ने विषयमा अन्तरक्रिया कार्यक्रम गरिए उपयुक्त होला भनि मेरो मनमा लागेको थियो। त्यसैले एस. एल. सी. उत्तीर्ण १०/१० वर्ष विद्यार्थीहरूको ग्रुप बनाएर अघि बढ्ने प्रस्ताव मैंले सहायक प्र.अ. र व्यवस्थापन अध्यक्ष समेक्ष राखेको थिए। यस्ता कार्यक्रमहरूले विद्यालयको निरन्तर विकासमा टेवा पुग्ने मैंले विश्वास लिएको छु।



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

## लघुकविता - तरङ्ग

**-अरूणकुमार भुजेल, गोरूबथान, दार्जिलिङ**



अति नै आनन्द हुन्थ्यो
चित्तामा भै दिए सँगै ।

कहिले काहीँ यस्तो लाग्छ
अनायासै प्रणय भाव जाग्छ
हाम्रो पुरानो तस्विर हेर्दा
सारा पिरहरू पर भाग्छ ।

घरमा सँगै मेलोमा सँगै
हाँसो र रोदनमा सँगै
अति नै आनन्द हुन्थ्यो
चित्तामा भै दिए सँगै ।

बस्दा सँगै  हिँड्दा सँगै
गुड्दा र उड्दा सँगसँगै
अति नै आनन्द हुन्थ्यो
मृत्यु पनि भै दिए सँगै ।

# पाण्डुलिपि पुरस्कार हिमालाई



काठमाडौं । नेपाली वाङ्मयको श्रीबृद्धिमा विगत २७ वर्षदेखि कृयाशिल संस्था एपेक नेपालले यस वर्षको 'विश्व-ज्योति युवा पाण्डुलिपि पुरस्कार' कर्णाली प्रदेश, सुर्खेतकि सर्जक हिमा रोका "प्रतिज्ञा"को लघुकथा पाण्डुलिपिलाई प्रदान गर्ने निर्णय गरेको छ ।

एपेक नेपालले ४० वर्ष मुनिका युवा सर्जकलाई प्रदान गर्ने गरी स्थापना गरेको यस पुरस्कारमा देश-देशावरबाट प्राप्त लघुकथाको पाण्डुलिपि मध्यबाट छनौट भएको एक उत्कृष्ठ पाण्डुलिपिलाई पुस्तकका रूपमा प्रकाशित गरिन्छ । सोही अनुसार यस वर्ष पुरस्कृत हिमा रोकाको पाण्डुलिपि, पुस्तकका रूपमा प्रकाशित भै यही चैत २५ गते काठमाडौं मा सम्पन्न हुने एपेक नेपालको २७औ वार्षिकोत्सव समारोहमा लोकार्पण गरिने कुरा सस्थाले जनाएको छ।

सर्जक हिमा रोका प्रतिज्ञाको नामबाट साहित्य सिर्जना गर्छिन् । पिता चन्द्रबहादुर रोका र माता निमकला रोकाकि सुपुत्री हिमा घुमखहरे सुर्खेतमा जन्मिएकी हुन् । हाल गुर्भाकोट नगरपालिका, मेहेलकुना सुर्खेमा बस्दै आएकी हिमा लघुकथासँगै गजल, मुक्तक, टुक्का कविता र झिल्कामा कलम चलाउँछिन् । गत वर्षदेखि प्रदान गर्न सुरू गरिएको 'विश्व-ज्योति युवा पाण्डुलिपि पुरस्कार' अघिल्लो वर्ष सुदूर पश्चिमका युवा कवि हेमन्त शिशिरलाई प्रदान गरिएको

## मुक्तकका प्रयासहरू



लामो समयपछिको अवसर छोपेर हिँडियो
यही आत्मीयता नै धन हो सोचेर हिँडियो
कुतूहल र खुलदुलीहरूलाई पोको पार्दै,
न्यायमूर्तिज्यूका कोसेली बोकेर हिँडियो ।

**—खगेन्द्र गिरि कोपिला**



मान्छे साह्रै विकसित भो, ऐँचो पैचो चल्नै छोड्यो
सिलिण्डर छन् सडकभरि घरमा चुलो बल्नै छोड्यो
दाउरा, घाँस, मकै भटमास एकादेशका कथा भए...
मन तोडिए, घर जोडिए, धर्मको दीप बल्नै छोड्यो !

**- शिवा कार्की**



मन के उपवन की खो गई है लाली,
रंग भर न सका तेरे बिन कोई न माली,
सब कुछ है अब जब तु नही है मेरी मां,
जैसे बिन तुलसी दल छप्पनभोगकी थाली ।

**- इन्दु तोदी**



चोर, डाँका र फटाहा कसैलाई मन पर्दैन
नारा र भाषणले  मात्र कसैको मन भर्दैन
यस्तै ताल हो र रहिरहने हो भने , हेर्नुस ..
नेपालले गर्नु पर्ने प्रगति  अझै पनि गर्दैन

**- पवनकुमार बुढाथोकी**



कसैलाई मुटु दिन पनि अप्ठ्यारो हुँदो रहेछ
दिएपछि फिर्ता लिन एकदमै साह्रो हुँदो रहेछ
त्यस्तै किसिमले लक्ष्यमा कदम बढाएपछि
बढेको कदमपछि हटाउन पनी गार्हो हुँदोरहेछ

**- कृष्णबहादुर थापा**



अनेक झुठा कसम खायौ, आधा बाटोसम्म
आखिर तिमीले के-के पायौ,आधा बाटोसम्म
अन्तिममा अलपत्र पारेर जानू नै थियो भने
मेरो हात समाई किन आयौ,आधा बाटोसम्म ।

**- अर्जुन अधिकारी**




# शंकर चर्चा

चर्चित निबन्धकार शङ्कर  लामिछानेको ९८ औं जन्मजयन्तीका अवसरमा चैत ५ गते **शङ्कर चर्चा** कार्यक्रम गरिएको खबर छ। शङ्कर लामिछाने प्रतिष्ठानद्वारा आयोजना गरिएको कार्यक्रममा शङ्कर लामिछानेका निबन्ध, कथा र अन्य विधामाथि गहन चर्चा गरिएको हो । प्रतिष्ठानकी संरक्षक लामिछानेकी बहिनी सविता ढुङ्गानाको सभापतित्वमा र लामिछानेकी अर्की बहिनी सङ्गीता शर्माको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा इतिहासविद् प्रा.डा.सुरेन्द्र केसी, प्रा.डा.गोविन्दमानसिंह कार्की, शङ्कर लामिछाने निबन्ध पुरस्कारबाट सम्मानित भइसकेका निबन्धकारहरू पवन आलोक, श्रीओम श्रेष्ठ रोदन, ज्ञानेन्द्र विवश, आख्यानकार भागिरथी श्रेष्ठ, युवा निबन्धकार श्रीबाबु कार्की, जरामा अर्थ खोज्ने कलाकार तथा साहित्यकार नरेन्द्रबहादुर श्रेष्ठ लगायतले शङ्कर लामिछानेको कृतित्व तथा व्यक्तित्वमाथि संक्षेपमा प्रकाश पारेका थिए ।

मन्तव्यका क्रममा प्रा.डा.केसीले कुनै पनि देशको समृद्धि त्यस देशको साहित्यले देखाउँछ भन्दै साहित्यलाई राजनीतिको अखडा बनाउन नहुने कुरा बताए । कर्म गर तर फलको आशा नगर भन्ने भागवत गीताको उक्तिको प्रसङ्गमा उनले गीताको अर्को उक्ति सुनाउँदै कर्म अनुसारको फल र गलत समयको प्रतिफल बारे चर्चा गरेका थिए ।

त्यसैगरी, प्रा.डा.कार्कीले लामिछानेका गुरू साहित्यकारहरू गोपालप्रसाद रिमाल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम, त्यसैगरी समकालीन साहित्यकारहरू ईश्वर बराल, भूपि शेरचन र भीमदर्शन रोकाको प्रसङ्गमा लामिछानेले छोटो आयुमा धेरै सृजना गरेको बताए । मदन पुरस्कार प्राप्त  गर्न सफल पारिजातको उपन्यासमा भूमिका लेखिदिएपछि झन् लामिछानेको ख्याति चुलिएको बताउँदै विश्वविख्यात विदेशी साहित्यकारहरूका कृतिको अध्ययन गरेका शङ्करले घरायसी पारिवारिक परिस्थिति चिरेर साहित्यमा लाग्नसक्नु नै ठूलो चुनौती रहेको बताएका थिए ।

समालोचक प्रमोद प्रधानले लामिछानेको लेखन फरक शैली भएको बताउँदै देवकोटाले थालेको निबन्धको फाँटलाई लामिछानेले बढाउँदै लगेर फराकिलो बनाएको बताए । उनको कृति र व्यक्तित्व एक अर्काको पर्यायवाचक भएको बताउँदै उनले साहित्यको खाली ठाउँहरू भरेको बताए । साथै,उनले शङ्कर लामिछानेको जस्तो निबन्धहरू न भूतो न भविष्य भनेर बताए ।

निबन्धकार श्रीओम श्रेष्ठ रोदनले लामिछानेका बारेमा बोल्दै जिउँदै धेरै मरिरहेका बेला थोरै समय बाँचेर कहिल्यै नमर्ने गरी शङ्कर लामिछाने गएको बताए । साहित्यकारहरूको छवि र व्यक्तित्वबारे यस्तो र उस्तो भन्ने प्रसङ्गमा लामिछानेको खाइलाग्दो र लोभलाग्दो व्यक्तित्व, इमानदारीपन, लेखन र स्पष्ट वक्ताका रूपमा उनलाई सबैले चिनेको खुलस्त पारे ।

निबन्धकार पवन आलोकले शङ्कर लामिछानेको स्मरण गर्दै कालजयी साहित्यकार रहेका लामिछानेको नामको पुरस्कार ग्रहण गर्न पाएकोमा गर्वको महसुस गरेको बताए । आजको बिहानी सार्थक रहेको बताउँदै शङ्कर लामिछाने प्रतिष्ठान अविरल चलिरहोस् भन्ने कामना गर्दै लामिछानेप्रति श्रद्धाञ्जली अर्पण गरे ।

आख्यानकार भागिरथी श्रेष्ठले लामिछानेको लेखन शैली आफूलाई मनपर्ने बताइन् । पारिजातको उपन्यासमा लामिछानेको भूमिका सुनमाथि सुगन्ध भएको बताइन् ।

साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठले लामिछानेको कृतिको चर्चासँगै आफ्नो कृतिको बारेमा समेत प्रकाश पारेका थिए । निबन्धकारहरू ज्ञानेन्द्र विवश तथा श्रीबाबु कार्कीले शङ्कर लामिछानेका बारेमा बोल्दै उनलाई पछ्याउँदै आफूहरू पनि निबन्ध लेखनमा लागेको बताए ।

प्रतिष्ठानका अध्यक्ष राधेश्याम लेकालीद्वारा सञ्चालित कार्यक्रममा उनले चैत महिनाको नवरात्रीको पहिलो दिन आज चर्चित निबन्धकारको ९८ औं जन्मजयन्ती परेको प्रसङ्ग उल्लेख गर्दै माघ १० गते स्मृति दिवस र चैत ५ गते जन्मजयन्ती मनाउने गरिएको बताए । लामिछानेका दुई बहिनीहरूबाट हाल २५ लाखको अक्षयकोष स्थापना गरी शङ्कर लामिछाने पुरस्कार राखिएको प्रष्ट पारे । लामिछानेको लेखन शैली अद्भुत रहेको बताउँदै नवीन सोच र नयाँ पुस्ताको चिन्तनलाई अन्तर्राष्ट्रियकरण गरिनुपर्ने सन्दर्भमा उनले हाल लामिछानेका निबन्धहरू साहित्यकार मोहन सिटौलाले अंग्रेजीमा अनुवाद गरिरहेको जानकारी दिए ।

*सुभाशचन्द्र पौडेल भीमफेदिया*

# गंगाप्रबाह (कवितासङ्ग्रह)


## पुस्तक समीक्षा



***अरूणबहादुर खत्री***

नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाउँदै आएकी साहित्यकार गङ्गा आचार्य सापकोटाको गङ्गाप्रवाह नामक कवितासङ्ग्रह २०८० सालमा प्रकाशित भएको छ । यो कवितासङ्ग्रहमा बन्दना, नाच्न पाऊँ, कलाको खजाना, रीति, रहर, भक्तिभाव, साहित्यसुधा लगायत विभिन्न शीर्षकका १०१ वटा कविताहरू सङ्गृहीत छन् । वन्दना शीर्षकको पहिलो कवितामा पोख्नेछु भित्र दिलका सब भाव खोली बाधा र बन्धनहरू जति छन् छिचोली भनेर कवयत्री गङ्गाले लेखेकी छिन् ।

अनायासै आगो सरह तपको चड्कन खस्यो थियो ज्यादै राम्रो कुसुमकलिका निर्मम डस्यो
भनेर भरोसाको त्यान्द्रो कविताले भनेको छ ।




गङ्गाप्रवाहमा सङ्ग्रहीत कविताहरूको मूल स्वर देश भक्ति, प्रकृतिको महिमागान र मानवीय चरित्रको समुद्घाटन हो । देशको गौरव गरेर होस् अथवा प्राकृतिक वैभवको चित्रण गरेर होस् वटू वा देशको दुर्दशा र वर्तमानको यथार्थताको उजागर गरेर होस् अथवा देशको सुन्दर भविष्यको कल्पनामा रमाएर किन नहोस् यस कृतिमा कुनै न कुनै किसिमले देशभक्तिको भाव मुखरित भएको पाइन्छ ।

ऊर्जा निकाली जब काम थाल्छु
यी पाखुराले पहरा फुटाल्छु
अल्छीपना पूर्णतया हटाऊँ
पाखा पखेराभरि नाच्न पाऊँ ।

कवयित्री गङ्गालाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछिन् । गङ्गाले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई बढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । उनले लेखेका कविताहरू मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरू प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक बिम्बहरूले कवितालाई रोचक बनाएको छ । वसन्त याम, हिमाल, गुराँस हेर्न पाऊँदा, पानी, निमन्त्रणा, वर्षायाम, गङ्गा, वातावरण शीर्षकका कविताहरूले नेपालको नयाँ प्राकृतिक सौन्दर्यको उद्बोधन गरेका छन् ।

भाइ भाइको वैर भावले
शक्ति सानको मोह मातले
वर्ग वर्गमा राय बाँडियो
खण्ड खण्डमा देश टुक्रियो ।

साहित्यसुधा शीर्षकको कवितामा मेरो जीवनको अभिष्ट पथका बाधा छिचोल्दै छु म ऊर्जा साथ रमाउने रहरले हाँसेर बोल्दै छु म कवयत्रीले भनेकी छिन् । माता पिता र गुरूका गुणगान गाई श्रद्धा गरेर मनले सब देवलाई उनले भक्तिभाव कवितामा लेखेकी छिन् । शास्त्रीय तथा लोकछन्दमा यो उनको पहिलो प्रयास हो । बगोस् ज्ञानगङ्गा शीर्षकको कवितामा कवयत्रीले सोच्ने गर्छिन् हमेसा अरूकै भला दयाभावको त्यो दियालो जलाई । जीवन बाँच्नुपर्छ शीर्षकको कवितामा शङ्का अनावश्यक गर्नुहुन्न कर्तव्य छोडी पर भाग्नुहुन्न सच्चा कुरामा मत मिल्नुपर्छ हाँस्दै यहाँ जीवन बाँच्नुपर्छ भनिएको छ ।

कवयत्री गङ्गाले सिर्जना गरेका कविताहरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरूलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री गङ्गाले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रूपमा अभिव्यक्ति दिएकी छिन् । उनले लेखेका कविताहरू स्तरीय र तिख्खर बन्दै गरेका छन् ।

यहाँ स्वावलम्बी सबै बन्नुपर्छ
खने खेतबारी यहाँ अन्न फल्छ
लिई लक्ष्य यस्तै म ऊर्जा जगाऊँ
म मेरै धराका गरा खन्न पाऊँ ।

गुराँस हेर्न पाउँदा शीर्षकको कवितामा बतास चल्छ सुस्तरी चुमेर भित्र आँतमा सजीव बाँच्न चाहिने लिएर शक्ति साथमा भनिएको छ । प्रकृतिसौन्दर्य, मानवीय संवेदना, राष्ट्रप्रेम, सामाजिक सद्भाव, सांस्कृतिक गौरव, समय चक्र, जीवनकला, मातृममता, सेवा समर्पण, राजनीतिक विकृति, सामाजिक यथार्थता, शासन व्यवस्था आदि यस सङ्ग्रहभित्रका वर्णित विषयवस्तु हुन् । यसभित्रका कविता न धेरै लामा न साह्रै नै छोटा छन् । सात, आठ र सोह्रसम्मका पद्यात्मक स्वरूपका कवितासङ्ग्रह भन्न मिल्ने प्रस्तुत कविताकृतिले सन्तुलित फुटकर कविता सङ्ग्रहको नमुना प्रस्तुत गरेको छ ।

कवयित्री गङ्गाको हृदय भावुक छ । उनलाई राष्ट्रको अगाध माया छ । त्यसैले त उनी भावनामा र कर्मशीलतामा नेपाललाई देख्दछिन् । राष्ट्रका अङ्ग-अङ्गसित समाहित हुन पुग्दछिन् । कवयित्री गङ्गाका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । गङ्गा आचार्य सापकोटा काव्यिक जगत्मा उदयीमान सर्जक हुन् । उनका समकालीन केही कविताहरू समय सान्दर्भिक र वलवान् देखिन्छन् । साँच्चै भन्ने हो भने गङ्गाद्वारा लेखिएका कविताहरूको भाषा सरल छ । सरल शब्दमा उनिएका कविताहरू पढ्नमा जति सजिलो हुन्छ त्यसैगरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाई पाठक वर्गको देखिन आउँछ । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

कृतिकार: गङ्गा आचार्य सापकोटा
कृति: गङ्गाप्रवाह (कवितासङ्ग्रह)
प्रकाशक: हरिनारायण उपाध्याय
संस्करण: पहिलो, वि.सं.२०८०

**सन्ध्याकालीन**
www.sandhyakalin.com
**गोरखा एक्सप्रेस**
www.nepaltoday.com.np
**पढौं**
**लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।**




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## अब बाचापत्र पूरा हुनुपर्छ

बहुदल बहुलायो, नेताहरूको अनैतिकताका कारणले कालरात्रि बन्यो । नयाँ नेपाल बनाउने सपना देखाएर जनयुद्ध र पार्टी आन्दोलन मिलाएर गरिएको जनआन्दोलनपछि स्थापना भएको लोकतन्त्रले देशलाई दुर्योधनको हस्तिनापुर बनाए । समाजवादी, प्रजातन्त्रवादी, सर्वहारावादी सबैको मिलोमतोमा देश अपराधशालाभन्दा पृथक रहेन । जेनजीपुस्ताले ज्यान दिएर, रगत बगाएर ल्याएको परिवर्तनमा नयाँ पुस्ता आएकोछ । यो नयाँ पुस्ता कृष्ण बन्न सक्छ कि सक्दैन, मर्यादापुरूषोत्तम रामको चरित्र देखाउन सक्ला कि नसक्ला, नयाँ पुस्ताका सामु यक्ष प्रश्न नाङ्गो तरवार बनेर उभिएको देखिन्छ ।

जसरी पञ्चायत ढल्दा एकजना पञ्च उभिन सकेनन्, त्यसैगरी लोकतन्त्र ढल्दा एकजना नेता लोकतन्त्रवादी म हुँ भनेर उभिन सकेनन् । सबै अपराधवोधले ग्रसित थिए, लुके । लोकतन्त्रलाई ठूला दल र ठूला नेताले धुलाघाटको हाटबजार नै बनाइसकेका रहेछन् । यी खरिद भइरहे, बिक्री भइरहे, यसैको परिणाम जनताको आक्रोसको ज्वालामा यिनको राजनीति खरानी बन्यो । भन्न थालेका छन्, खरानी टकटक्याएर हामी उठ्छौं । यो आवाजालाई पनि समन गर्न नयाँ पुस्ताले इमान र नैतिकपूर्ण काम गर्नसक्नुपर्छ । नेपाली जनताले आँखा उघारे, डरलाग्दो भ्रम चिरे अनि मौन आक्रोशलाई विवेकपूर्ण मतदान गरेर अपराधलाई किनारा लगाइदिएका छन् । यो जनतामा देखिएको चेत, जागरणलाई नयाँपुस्ताले पूँजीकरण गर्नसक्यो भने पुराना भ्रष्टाचारका डाइनोसरहरू लोप भएर जानेछन्, तिनको पुनरागमन हुनेछैन । होइन, नयाँ पुस्ता पनि उही कानै चिरिएका जोगी बनेभने दुर्भाग्य हुनेछ । जेनजी पुस्ताले रगत बगाएर ल्याएको परिवर्तन पानीको फोको हुनसक्छ ।

फागुन २१ पछिको परिवर्तन इजिप्टका नासिर, सिंगापुरका लि क्वान युजस्तो देखिन्छ । अब कर्म त्यही अनुसार गर्नुपर्छ । कर्मले देशमा परेका अनेक विवाद, राजनीतिक मुद्दा, अपराधका धराप र धाँजाहरूलाई सुशासनको लेपनले पुर्नुपर्नेछ । जसरी पुरानाले राजतन्त्रलाई तानाशाही भनेर भण्डाफोर गरे, फाले, त्योभन्दा चर्को र भययुक्त तानाशाहको छविछायाँ आफूलार्य लोकनेता भन्नेहरूको मुहारमा देखिएकै हो । राजतन्त्र र हिन्दुराष्ट्रको मुद्दालाई नयाँ जेनजी सत्ताले संवोधन गर्न सक्यो भने चमत्कारै हुनसक्छ । यो देश बलबाहुको देश थियो, राजनीतिक नेताहरूले बाहुबलीको चरित्र देखाएर राजनीतिलाई अपराध नीतिमा रूपान्तरण गरिदिए । सगरमाथाको देश, शास्तीमा बदलियो, विश्वमा रहेको सम्मान समाप्त हुनपुग्यो । ठाडै विश्वशक्तिले फ्रडहरूको देश भनिदिए । पुराना नेताकै नरसंहारकारी नीतिका कारण बुद्धको देश मंगलसेनको चंगुलमा पऱ्यो । पुराना नेताले स्वार्थको राजनीतिका लागि नीति, पद्धति, चरित्र, नैतिकतालाई पाखण्ड र षडयन्त्रमा होमिदिए ।

नेपाल बिग्रेकै नेपाली नेताहरूले दिल्लीको बासमती चामलको बासी भात खाएर हो, चीनको काखमा लुटपुटिएर र पश्चिमाको लहैलहैमा लागेर हो । राष्ट्र र राष्ट्रिय नीतिमा उभिन नसक्दा इज्जत स्खलन हुँदैगयो । अब जेनजी पुस्ता आयो, फागुन २१ को निर्वाचनमा जनताले मतपत्रको ब्रम्हास्त्र हानेर नयाँ पुस्ताको हातमा शिरोभारो सुम्पेका छन् । नेपाल निर्माणको ढोका जनताले खोलिदिएका छन्, अब नयाँ पुस्ताले देश बनाउनुछ । विश्व अधिकारकर्मीहरू दण्डहीनता अन्त गर भनिरहेका छन्, आमनागरिकको सुशासनको सुरूआत र भ्रष्टाचारको अन्त चाहियो भन्ने माग छ । नयाँ पुस्ताले जनताले देखाएको मार्गमा हिड्ने बाचा गरेका छन्, अब बाचापत्र पूरा हुनुपर्छ ।

# सरकारको पाइला पाइलामा नागरिक करार




अबकी बार बालेन सरकार । जनताले लगाएको नारा यही थियो । यही नाराअनुसार जनताले भोट खन्याइदिए । बालेनले जिते, पुरानाले हारे । रास्वपाले जित्यो, बहुमत पायो, पुराना भुइँमा पछारिए । युवा सत्तामा पुगे, सत्तालाई खेलौना बनाउनेहरू रित्तिन पुगे ।

पोल्टोभरि जनादेश, काँधभरि जिम्मेवारी बोकेर रास्वपा सरकार गठन गर्दैछ । सुशासन दिन्छु भनेको छ, मन्त्रिपरिषद गठनदेखि नै यसको मुहार हेर्न समर्थक बिरोधी लालायित छन् । बालेन साहले संसदमा कसरी बोल्लान्, कम बोल्लान कि धेरै, उनको क्षमताको अग्निपरीक्षा सुरू हुनेछ । बालेन सरकारको प्रत्येक कदम र प्रत्येक दिन बालेनले देश बनाउँछ भन्ने जनताको भरोसाको खरी घसाई हुनेछ । पित्तल बन्ने छुट छैन बालेनलाई, सुन निखारिनुपर्छ, सुन चम्किनुपर्छ, बिपक्षी दलहरूले समेत बालेन र रास्वपाको प्रशंसा गर्ने वातावरण बन्नुपर्छ । काम देखिनुपर्छ ।

सभापति रवि लामिछानेले सबै सांसदलाई एकै ठाउँमा भेला गराएर पढाए, बुझाए । रास्वपाको काँधमा आएको ऐतिहासिक दायित्वका विषयमा प्रष्ट पारे । यतिसम्म कि जुन सांसदले आफ्नो जिम्मेवारी भुल्छ, उसलाई रिकल गर्न पार्टी पछि नहट्नेसम्मको विषय बताइदिएका छन् । रवि लामिछानेले प्रतिपक्षीमाथि कुनै नकारात्मक टिप्पणी नगर्न र आफ्नो कर्तव्य नैतिकताका साथ सम्पन्न गर्न भनेका छन् ।

रास्वपाका बरिष्ठ नेता बालेन साह प्रधानमन्त्री बन्दैछन् । सरकार गठन विषयमा गहन छलफलमा जुटेका छन् । रामनवमीका दिन बालेन साहले प्रधानमन्त्रीको सपथ लिनेछन्, रामको आदर्शमा चल्नसके उनी ऐतिहासिक मात्र हुनेछैनन्, युवाले देश हाँक्न सक्छन्, देश बचाउन सक्छन् भन्ने नजीरसमेत कायम हुनेछ । नेपाली वीरका सन्तान हुन्, वीरले वीरता देखाउने बेला आयो ।

तर बालेन साहले सफल हुन र रास्वपाले सरकार सफल पार्नका लागि निडरताका साथ काम गर्नुपर्नेछ ।

पहिलो सर्त हो, सुशासन र पारदर्शिता । यसका लागि भ्रष्टाचार र भ्रष्टाचारी नियन्त्रण, कर प्रणालीमा सुधार र प्रशासनिक प्रक्रियामा सरलता र पारदर्शि । डिजिटल शासन: ई-गभर्नेन्स विस्तार गरेर नागरिकले पाउने सेवा व्यवस्थित गर्नु । कर्मचारीतन्त्रलाई जनताको सेवक हौं भन्ने भावना जगाउनु र उत्प्रेरित गर्ने उपाय अपनाउनु ।

दोस्रो सर्त हो, आधारभूत सेवा सुधार । नागरिकले खोजेका छन्- शिक्षा, स्वास्थ्य र रोजगारी । यसका लागि ठोस कदम चाल्नैपर्छ, लोककल्याणकारी शासन पद्धति अपनाउनैपर्छ । यो कार्य अहं छ, अहं कार्य गर्न कडा निर्णय गर्नैपर्छ ।

तेस्रो सर्त हो आर्थिक नीति । देशमै अवसर पाइन्छ, बाँच्न सकिन्छ भन्ने विश्वासको प्रत्याभूति । युवा उद्यमशीलता प्रोत्साहन, स्टार्टअप र प्रविधि क्षेत्रमा लगानी व्यापक पार्नुपर्छ । विदेशी लगानी आकर्षण: पारदर्शी काननी ढाँचा र लगानीमैत्री वातावरण तत्काल बनाउनुपर्छ । कृषि आधुनिकीकरण, ग्रामीण क्षेत्रलाई उत्पादन वृद्धि र बजार पहुँच पहुँचमा क्रान्ति नै ल्याउनुपर्छ ।

चौथो काम हो, सामाजिक न्याय र समावेशीकरण गर्नु । महिला, दलित, जनजाति र पिछडिएका समुदायलार्य समावेशीकरणमा जोड्नुपर्छ । राज्यका सबै सञ्जालमा जोड्नुपर्छ । पाँचौ कार्य हो, दीर्घकालीन रणनीति । आन्तरिक र बाह्य नीतिलाई राष्ट्रियनीतिका रूपमा सर्वस्वीकार्य बनाउनुपर्छ । जलवायु परिवर्तनदेखि राज्यसञ्जाललाई सुधार गर्नपर्छ । मेरो पनि सरकार हो, यो मेरो देश हो भन्ने विश्वास गाउँदेखि सिंहदरवारलाई जोड्नुपर्छ ।

छैंठौं चुनौती हुनेछ, राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर विज्ञ विशेषज्ञहरूसँग सुझाव लिएर द्वेषभाव निर्मलीकरण गर्दै प्रतिषोध, विभेदको अन्त गर्ने र देशमा शान्ति, एकता र समुन्नतिको जागरण ल्याउनुपर्छ । जनतामा उच्च आशा र अपेक्षा छ । त्यसलाई परिपूर्ति गर्ने यो मूल मन्त्र नै हो । बालेन सरकारमाथि जनताको विश्वासलाई ठोस नतिजामा रूपान्तरण गर्ने जिम्मेवारी छ । सुशासन, सेवा सुधार, रोजगारी सिर्जना र समावेशी नीतिमा ध्यान दिएर मात्र यो सरकार र रास्वपा सफल हुनसक्छ, जनमत र जनबल जब्बर भएर रहनसक्छ ।

यतिबेला विश्व समाचारमा छ नेपालको राजनीतिक परिवर्तन । जेनजीले पाएको व्यापक जनादेश । दिल्लीदेखि बेइजिङ, काठमाडौंदेखि वाशिङ्टनसम्म, आजतकदेखि अलजजिरा, लण्डन टाइम्स, न्यूयोर्क टाइम्स सबैतिर नेपालमा जेनजी आन्दोलनले गरेको सत्ता परिवर्तन र निर्वाचनमा रास्वपाले ल्याएको प्रचण्ड बहुमतको चर्चा परिचर्चा भइरहेको छ । त्यापर बालेन्द्र साहले गरेको मेयरको काम, गरेको संगठन र त्यही संगठनको बलमा ल्याएको राजनीतिक परिवर्तनले ७० नाघिसकेका परिपक्व राजनीतिक नेताहरूलाई असफल पारेर किनारा लगाएको विश्लेषण भइरहेको छ । दक्षिण एसियामा नेपालमा भएको राजनीतिक परिवर्तनलाई युवामा आएको जागरूकताको परिचायक मानिएको छ । नेपालको परिवर्तनले दक्षिण एसियामा मात्र होइन, विश्वका कैयन राष्ट्रहरूमा जेनजी पुस्तामा जागरणको सञ्चार नै गर्न थालेको देखिन्छ । यस्ता खबर आइरहेका छन् ।

पुराना र स्थापित दलहरूले जनतालाई कमजोर ठानेर दमन नीति, लुटनीति चलाइरहे । जसको प्रतिरोधमा जेनजी पुस्ताले सफलता हासिल गऱ्यो । जेनजी आन्दोलन र बालेन्द्रसहितका रास्वपाले शासकीय पद्धतिलाई असफलता सावित गरेपछि नेपालमा उदाएको बालेन्द्र युग कसरी अघि बढ्ला, कसरी सफल होला भन्ने चुनौतीलाई समेत विश्वभरिबाट पर्यवेक्षण भइरहेको छ । नवयुवा कसरी जाग्छन्, कसरी सफल हुन्छन् भन्ने प्रेरणा नेपाल बनिरहेको सन्दर्भमा बन्न लागेको रास्वपाको सरकार र बालेन्द्र साहको प्रधानमन्त्रीत्व असफल भयो भने के हुन्छ ? यसबारे चिन्तन मनन भइरहेको देखिन्छ, सुनिन्छ । स्मरणरहोस्, जेनजीले ल्याएको परिवर्तनलाई सफल पार्ने दायित्व छ, असफल हुने छुट जेनजीले ल्याइदिएको बालेन सरकारलाई हुनेछैन ।

मर्नुभन्दा बहुलाउनु राम्रो भनेझैं पुराना स्थापित कांग्रेस, एमाले, नेकपा, मधेसवादी र जातीय दलहरू चुनावमा जनताले नपत्याएपछि अन्यौलको अँध्यारोमा छटपटाउन थालेका छन् । यो निर्वाचनपछि २०४६ सालमा उदाएका नेता र पार्टीहरू कमजोर भए, असफल भए, निर्वाचनबाट पाखा लागे । नयाँपुस्ताले सत्ता सम्हाल्न लागेका छन् । पुराना किन कमजोर भए, असफल भए, नोज डाइभ गर्न बाध्य भए ? यही कारण पत्ता लगाएर नयाँले सफल हुने साशकीय स्वरूप तय गर्नुछ । जनतामा निकै आशा छ, भरोसा छ, जनआकांक्षा पूरा गर्छन् भन्ने विश्वास छ । यो विश्वासलाई कायम राख्नका लागि नयाँपुस्ताका लागि ढुंगा चपाउनुजस्तै चुनौती छ । जेनजी पुस्ताको सरकारले चाहेको हो, गर्न सकिदो रहेछ भनेर गरेर देखाउनुपर्ने भएको छ । नेपाली जेनजी पुस्तामा आँट र अक्किल, जोश र जाँगर, क्षमता छ भनेर नेपालका पुराना पार्टीलाई मात्र होइन, विश्वलाई प्रमाणित गरेर देखाउनु जरूरी छ ।

पहिलेकाले ठूलै गल्ती गरेका हुन् । निरकंकूश भएकै हुन् । पुराना दलहरूले अहंकार गरे । राजनीतिक शक्तिहरूका पहिचान त गरे तर तिनलाई निषेध र विभेदकारी व्यवहार गरे । फलत: ०४६ सालदेखिका राजनीतिक मुद्दा कायम थिए, त्यसमाथि राजतन्त्र र हिन्दुराष्ट्रको मुद्दालाई पनि संवोधन गरेनन् । पटक पटक राजतन्त्र र हिन्दुराष्ट्रको पक्षबाट उजागर भइरहेको संवाद, सहमति र सहकार्यको आवाजलाई अहं अहंकारले थिचिरहे, मिचिरहे । जनताले जिल्ला जिल्लामा, क्षेत्र क्षेत्रमा राजतन्त्र र हिन्दुराष्ट्रको पक्षमा प्रदर्शन गरिरहे, पूर्वराजाको सम्मान र नागरिक अभिनन्दन पनि गरिरहे । यसबाट शिक्षा लिएर नेपाल निर्माताका सन्तानलाई यथा स्थान दिएको भए पुराना यसरी लज्जास्पद हारको स्थितिमा नपुग्न पनि सक्थे । जेनजी आन्दोलनले गरेका मागहरू न्यायोचित थिए, त्यसमा ध्यान दिन सकेको भए, ८ दशक पुराना दल र ७० नाघेका नेताहरूले यसरी मुख छोपेर जनादेशलाई मौनशिरोधार्य गर्नुपर्ने अवस्था आउने थिएन । पुराना दलहरूले निर्वाचन परिणाम स्वीकार गरेका छन् । शासनसत्ता चलाएको हेरौंला भन्ने भाव देखाएका छन् । यो परीक्षामा नयाँपुस्ता सहीसावित हुने भरोसा जनमानसमा देखिन्छ ।

ध्यान रहोस्, नयाँ पुस्ताको सरकार, बालेन्द्र साहका लागि असफल हुने छुट छैन । जनइच्छालाई संवोधन गर्नैपर्नेछ । संघीयताको खारेजीदेखि सुशासन ल्याउनैपर्नेछ । भ्रष्टाचारको अन्त्य गर्दै भ्रष्टाचारीमाथि कानुनी डण्डा चलाउनैपर्नेछ । यसका लागि प्राप्त जनविश्वास, जनाधारलाई सन्तुष्ट राख्न र पार्नका लागि देशको आवश्यकता भनेको संवाद, सहमति र सहकार्य नै हो र यही नै नयाँपुस्ताको सफलताको सूत्र पनि हो । यही माध्यमबाट हिमाल, पहाड, तराई आश्वस्त हुनेछ र सबै राजनीतिक शक्तिहरूले नयाँ पुस्ताको सरकारलाई समर्थन र सहयोग गर्न बाध्य हुनेछन् । खासगरी प्रत्येक वर्ष तैयार हुने ५ लाख युवाले यही सरकारसँग हातेमालो गर्नेछन्, जसका कारणले स्वावलम्बन र आर्थिक उन्नतिका द्वारहरू खुल्नेछन् । निर्वाचन प्रचारका क्रममा बालेन्द्र साहले कर्णाली, धनुषा, झापादेखि विभिन्न क्षेत्रमा पुगेर गरेका संक्षिप्त तर साह्रै महत्वपूर्ण विषयहरू संवोधन हुनेमात्र होइन, नेपालमा रोजगारीको ढोका खुल्दै आफ्नै देशमा गरिखान पाइन्छ भन्ने आत्मविश्वास पलाउने छ । यही जग हो नयाँ पुस्ताको । नयाँपुस्ताले आउने ५ वर्षमा जनताको आवाज अनुसारको संवोधन गर्न सके भने ५ वर्षपछिको चुनावमा प्रतिपक्षी नै नरहने स्थिति पनि आउनसक्छ । चुनावका बेलामा जनताका सामु गरेको बाचापत्र, करारलाई पूर्ण गर्नु । बाचापत्र रास्वपाले बिर्सियो भने पुराना र नयाँ पुस्ता दुबै भ्रम छर्ने रहेछन् भन्ने जनतामा छाप पर्न जानेछ । कदाचित त्यसो भयो भने रास्वपा आन्तरिक रूपमा कमजोर हुने त छँदैछ, आगामी चुनावमा रास्वपाको हालत अहिले पुराना दलहरूले देखेको आफ्नै दयनीय अनुहारजस्तो हुनेछ । हेक्का राख्नैपर्छ रास्वपाले ।

रास्वपा र बालेन्द्र साहले बिर्सनै नहुने सफलताको साँचो हो- सहमति र सहकार्यलाई अँगालेर अघि बढ्नु । संकटमा परेको राष्ट्रलाई सकुसल राष्ट्रवादसहित अवतरण गराउनु ।

विविध जाति छन्, भाषा भेष छन् । क्षेत्रीयता सरल र बिकट छ । नेपाल अनेकतामा एकता कायम गर्नुपर्ने राष्ट्र हो । यो विविधतालाई एकतावद्ध पार्ने भनेकै संवाद, सहमति र सहकार्यले हो । यही नै पद्धति सुधार, सुशासन र आर्थिक उन्नतिका आधार पनि हुन् । बालेन्द्र साहजस्ता इन्जिनियरले नेपालको राजनीतिमा गर्नुपर्ने डिजाइन यही हो । बालेन्द्र साहको सरकारको सफलतामा जेनजी आन्दोलनको अभिष्ट निहित छ भन्ने बिर्सिन पुगेमा त्यो समय नेपालका लागि साराप सिद्ध हुनेछ । इन्जिनियर बालेन साह र रास्वपाको राजनीतिक चेतमा जनादेशको भारी छ । यो भारी सफलतामा बाहेक अन्यत्र बिसाउनु भनेको असफलतामात्र हुनेछ ।






# प्रजातन्त्रको देहावसान र दलीय दैत्यतन्त्रको खतरा



नारायणप्रसाद मिश्र

२००७ सालको क्रान्तिबाट राणा शासनको अन्त्य र २०१५ सालको संबिधानवाट मुलुकमा आम चुनाव भएपछि नेपालमा सहिरूपमा बहुदलीय प्रजातन्त्रको शुभारम्भ र कार्यान्वयन् भयो। आम चुनाबपछि प्रतिनिधि सभामा सरकार गठनको लागि चाहिने भन्दा धेरै वढी सिट हासिल गर्ने नेपाली कांग्रेस पार्टीका नेता विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्व अर्थात प्रधानमन्त्रीत्वमा मुलुकमा सरकारको गठन भयो। तर प्रजातन्त्रको नाममा दलको लागि दलतन्त्र मात्र चल्न गएको, भ्रष्टाचार अति भएको र जनताले दुःख पाएकोले यो व्यवस्था देशको लागि अफाप सिद्ध भएको भन्ने आक्षेपकासाथ छोटो अवधि भित्रै २०१७ सालमा यो व्यवस्था विघटन गरी राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना र संचालन गरे। तर बहुदलीय ब्यवस्थालाई मात्र प्रजातन्त्र मान्ने नेता र तिनका कार्यकर्ताहरूले यो ब्यवस्था बिरूद्ध निरन्तर संघर्ष गर्दै २०४७ सालमा पुनः बहुदलीय प्रजातन्त्र स्थापना गरे। २०४७ साल देखि हालसम्म नेपाली जनता बहुदलीय प्रजातन्त्रकै छाता मुनी रहिआएको र अनुभव गरिआएको हुँदा राजा महेन्द्रले छोटो अवधि मै औल्याएको कुरा सत्य बा असत्य के हुन सक्छ भन्ने कुरा अब नेपाली जनताले जरूर पनि सजिलै कल्पना र मूल्याङ्कन गर्न सक्छन् भन्ने मलाई लाग्दछ।

यसै अबधिमा यो बहुदलीय व्यवस्थाले दल, दलका नेता र तिनका नजिकका कार्यकर्ता, नातेदार, इष्टमित्र, साथीभाइलाई यथेष्ट सुख शान्ति, सुख सुविधा, पद प्रतिष्ठा, धन सम्पति दिएपनि यो व्यवस्थाले पनि अपेक्षाकृतरूपमा देशको बिकास गर्न नसकेको र जनताको आर्थिक अवस्था सुधार्न नसकेको भन्ने धारणाको बिकास पनि मुलुकमा हुँदै गयो। तर यसको मूल कारण राजा अर्थात राजतन्त्रनै देखिएकोले मुलुकबाट राजतन्त्र हटाई गणतन्त्र अर्थात राजतन्त्र बिनाको बहुदलीय प्रजातन्त्र भएपछि मुलुकको बिकास र जनताको कल्याण द्रूतगतिले हुने धारणा पनि मुलुकमा देखियो। यसैको फलस्वरूप मुख्यतः माओबादीको यो माग र नाराको बल र आन्दोलनले २०६५ जेष्ठ १५ गते देखि देश गणतन्त्र भयो। यसरी मुलुक गणतन्त्र भएपछि पनि जनताको समस्या माथि समस्या थपिदै गएको, मुलुकमा अब्यवस्था, भ्रष्टाचार, अनियमिता, नातावाद, कृपाबाद बढ्दै गएको, देशको बिकास भन्दा देशको विनाश हुँदै गएको, गरीबले झन्झन् गरिबिता ब्यहोर्न परेको अर्थात देशमा कुशासन मात्र भएकोले भ्रष्टाचार निवारण र सुशासन स्थापना गर्न पर्ने माग राखी जेन जी नामका युवाहरूको बिशाल जमातले अकस्मात २०८२ भाद्र २३ र २४ गते अकल्पनीय आन्दोलन गरेको हामी सबैलाई थाहा छ। यो आन्दोलन दल बाहिर रहेका दुःखी जनताले दलमा रही सरकारमा रही शक्ति, पद, सुख, सुविधा, धन सम्पति पाएका, रमेका दल, दलका नेता र दलतन्त्र बिरूद्ध गरेको, भएको भन्ने कुरा दलका कतिपय नेताहरूका घर घर समेतमा आगो लगाएको कुराले स्पष्ट गर्छ।

आज भोलि धेरैलाई थाहा छ- मुलुकमा रहेका सबै जनताको सुख, शान्ति र कल्याणको लागि सवै जनताको हक, अधिकार, सहुलियत, सुबिधा समान किसिमले संरक्षण र सुरक्षित हुने गरी सुशासन चलाउने ब्यवस्थालाई प्रजातन्त्र भनिन्छ। त्यस्तै हामी सबैलाई थाहा छ- सरकारमा रहेका दल, दलका नेता, कार्यकर्ता र तिनका नजिकका महानुभावहरूको सुख, सुविधा, हक अधिकार मात्र सुरक्षित हुने अरू जनता दोश्रो दर्जाका नागरिक हुने र तिनीहरू सबैतिर हक अधिकार विहिन हुने शासन व्यवस्थालाई दल तन्त्र, नेतातन्त्र भनिन्छ। यस अर्थमा २०४७ साल देखि हाल सम्म मुलुकमा प्रजातन्त्र होइन नेतातन्त्र, दलतन्त्र चलिआएको भन्ने कुरा ऐना जस्तै छर्लङ्ग छ। यो कुरा भन्दा, होइन भनी झूठ्ठा दावा गर्ने दलहरूको मुखै बन्द हुने गरी तिमीहरू सवै झुठ्ठा, फटाहा हुन् भनी जेन जी आन्दोलनले स्पष्ट जवाफ दिइसकेको कुरामा शङ्का छैन।

अब जेनजी आन्दोलनको बलमा बनेको सरकारले गराएको आम चुनाववाट मुलुकमा नयाँ प्रतिनिधि सभा स्थापना हुँदैछ। कुनैबेला दलले दलको लागि र दलका आसेपासेहरूको लागि मात्र काम गर्ने र गर्ने गरेको भन्ने विचारले त्यस्तो हुनुहुँदैन र देशकोलागि, सबैको हितको लागि काम गर्नुपर्छ भन्ने पवित्र भावनाले कुनै दलमा नलागी, स्वतन्त्र उमेदवार भई चुनाव जिती मेयर हुने ब्यक्ति बालेन शाहको नेतृत्वमा अबको सरकार बन्दैछ। सायद बालेन शाहकै सफलता र प्रेरणाबाट स्वतन्त्र भन्ने शब्दमा आकर्षण भई र यो शब्दलाई प्रेम गरी राष्ट्रिय स्वतन्त्र पार्टी खोल्ने रबि लामिछाने सो दलको सभापति अर्थात मुख्य हर्ताकर्ता रहेकाछन्। आफ्नै भूलचूक, दोष, अनियमितताको कारण भन्दा मुलुकमा चलिआएको नेता र दलतन्त्रको इख, इर्ष्याको कारणले पनि थरी थरीका मुद्दा खेपी अदालत अदालतको परिक्रमा गरी दुःख पीडा भोग्न परेको उनको अति कटू र तितो अनुभव छ। यस प्रशङ्गमा अब आउने देशको सरकारले मुलुकमा दलतन्त्र र नेतातन्त्रको पेलाईमा प्रजातन्त्र मर्न नदिने मात्र होइन, पछि पनि यस्तो जनविरोधी हानिकारक तन्त्र कहिल्यै चल्न नदिने र सच्चा प्रजातन्त्रको विकास गर्ने कामको लागि जो चाहिने संबैधानिक र कानूनी सुधार गर्ने तर्फ जरूर कदम चाल्ने आशा जागेको छ। यसै प्रसङ्गमा राष्ट्रिय स्वतन्त्र पार्टीले हाल जनताले सत्ताबाट फालिएका पुराना दलहरू जस्तै भई आफू शक्ति र पदमा रहेको घमण्ड र मदमत्तले दलीय तानासाही लादी आफना मात्र आसेपासेहरूको लागि पद र सहुलियत सुविधा पोस्न गिरिजा सरकार र तीनका अरू अनुयायीहरूले गरेजस्तै हामी जस्तो स्वतन्त्र नागरिकहरूलाई राष्ट्र सेवाबाट बञ्चित गर्ने कुकर्ममा लाग्ने छैन भन्ने आशा पनि पलाएको छ।

देशमा प्रजातन्त्र राम्रो फुल्न र फल्न दिन शक्ति सन्तुलन र नियन्त्रणको ब्यवस्था अति जरूरी छ। यसको लागि हाम्रो जस्तो मुलुकमा राष्ट्र प्रमुख र सरकार प्रमुख दुबै एकै दलको मात्र होइन अर्थात दलीय नभई राष्ट्र प्रमुख अर्थात राष्ट्रप्रति निस्पक्ष, निर्दलीय, स्वतन्त्र भए दुवै मिलिभगत भई दलीयतन्त्र चल्नजाने खतरा कम हुन्छ। देशमा सुशासन कायम गर्न र भ्रष्टाचारमा नियन्त्रण र निगरानी राख्न पनि यो हुन जरूरी छ। यसको लागि राष्ट्र प्रमुखको रूपमा राजा बा राजा नस्वीकार्ने खण्डमा निर्दलीय मात्र राष्ट्रप्रतिको उमेदवार हुन पाउने प्रावधान र व्यवस्था गर्ने तर्फ नयाँ आउने सरकारको ध्यान जानुपर्छ। साथै जेन जी आन्दोलनको माग र जनताको इच्छा, आशा र अपेक्षा बमोजिम मुलुकमा ब्याप्त भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना गर्नको निमित संवैधानिक आयोग, राष्ट्रिय योजना आयोग, अधिकार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निजामती, प्रहरी, सेना, शैक्षिक प्राज्ञिक संस्था, विश्वविद्यालय, न्याय सेवा आयोग, अदालत आदि कुनै पनि ब्यावसायिक सेवामा राजनीतिको छायाँसम्म पनि पर्न नदिने संबैधानिक, कानूनी र कार्यान्वयन व्यवस्था अविलम्ब गर्न जरूरी छ। भोलि नभनी यी सबै काम पवित्र मनसाय र साहसले गर्न सकिएन बा गरिएन र सुशासन स्थापना गर्न सकिएन भने पुनः देशमा प्रजातन्त्रको देहाबसान र पुरानै दलीय दैत्यतन्त्रको उदय हुने कुरामा शङ्का छैन।

narayanshanti70@gmail.com

# बालेन र रवि लोकप्रिय शैलीमा मात्र निर्भर नहुन्



प्रेमचन्द्र झा

रवि र बालेनको जोडीलाई समर्थक-विरोधीले अलग-अलग अर्थ दिएको छन्। कतिपयले यसलाई नेपाली राजनीतिमा युवा शक्ति, सुधार, परिवर्तन र पुनर्निर्माणको रूप मान्छन् भने अर्काहरूले यसलाई दृश्यात्मक।

नेपाली राजनीतिको इतिहासलाई हेर्दा, नेतृत्व सधैं एक महत्त्वपूर्ण कारक रहिआएको छ। २०४६ सालमा नेपालले बहुदलीय लोकतन्त्र स्थापना गऱ्यो। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरूद्ध समग्र नेपाली नागरिकहरूले संघर्ष गरेर नयाँ शासन प्रणाली ल्याए – जसले जनताको प्रत्यक्ष सहभागिता र प्रतिनिधिमूलक सरकारलाई सुदृढ बनायो।

२०६२-०६३ को जनआन्दोलनले शाही सत्ता अन्त्य गर्दै लोकतन्त्र र गणतन्त्रको पुनर्स्थापना गऱ्यो। यसले नेपाललाई सम्पूर्ण रूपले गणतन्त्रमार्गमा अगाडि बढायो, नयाँ संविधान निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित गऱ्यो र संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, महिला-दलित-आदिवासी अधिकार जस्ता विषयलाई संवैधानिक रचनामा केन्द्रित गऱ्यो। २०७२ सालमा संविधान जारी भएपछि राजनीति दलगत संरचनामा केन्द्रित रह्यो। नेपालीमा राजनैतिक दलहरू प्रायः केही परम्परागत नेताहरूको प्रभुत्वमा केन्द्रित रहे, जसले लामो समयदेखि नेतृत्व र निर्णय प्रक्रियामा प्रभाव जमाएको छ। तर समयसँगै युवा शक्ति, नयाँ सोच र नेता-जनता सम्बन्धका नयाँ मोडको माग बढिरहेको थियो – जसले २०८२ जस्तै चुनावी परिणाम उत्पन्न गऱ्यो।

पछिल्लो आम चुनाव नेपालका लागि एक ऐतिहासिक मोड थियो, जसले पुराना राजनीतिक अवस्थालाई चुनौती दिईसकेको छ। यो चुनावलाई नेपाली राजनीतिक संरचनाको पुनःस्थापना, नागरिक-सरकार सम्बन्धका परिवर्तन, नव नेतृत्व र युवा सहभागिताको आगमन का रूपमा हेरिन्छ। बालेन शाह र रवि लामिछाने नेतृत्वको जोडीले विविध उमेर समूह, नयाँ मतदाता र युवा निर्वाचन क्षेत्रबाट ठूलो समर्थन प्राप्त गऱ्यो। यी परिणामले नेपाली राजनीतिको परम्परागत संरचनामा परिवर्तनको मागको संकेत दिएको छ।

बालेन शाह, मूल रूपमा युवा आवाज र सामाजिक आन्दोलन संग जोडिएको छ। उनको उदय एक सञ्चार माध्यमिक सामाजिक संवादक, कलाकार र सामाजिक कार्यकर्ताबाट भयो, जहाँ उनले विभेद, भ्रष्टाचार र सामाजिक असमानता विरूद्ध आवाज उठाए। धेरैले उनलाई नेपाली युवाहरूका लागि प्रतिनिधि र नयाँ नेतृत्वको प्रतीक मान्छन्। उनको नेतृत्व शैली पारदर्शिता, प्रत्यक्ष संवाद र सकारात्मक सोचमा आधारित छ – जसले युवा वर्गलाई आकर्षित गरेको छ। उनले परम्परागत राजनीतिक भाषणभन्दा फरक शैली, सामाजिक सञ्जाल प्रयोग र जनतासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएका छन्। यद्यपि, उनको जवाफदेहिताका बारेमा धेरै विश्लेषकले प्रश्न पनि उठाएका छन् – खासगरी नीति कार्यान्वयन, राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दा र गहन राजनीतिक निर्णयका सन्दर्भमा।

रवि लामिछानेले जनताको आवाज उठाउने पत्रकार, सञ्चारकर्मी र पार्टी नेतृत्वकर्ता को रूपमा राजनीतिक यात्राको सुरू गरेका छन्। उनको राजनीतिक भूमिकामा संगठन, गठबन्धन प्रयास र निर्वाचन रणनीति प्रमुख रहेको छ – जसले पार्टीलाई केही नयाँ मतदाता समूहदेखि व्यापक समर्थनसम्म पुऱ्याउन मद्दत गरेको छ। उनको पक्षमा देखिएको बलियो पक्ष भनेको राजनीतिक संयोजन, सुशासनका सन्देश र यथार्थवादी नीति प्रस्ताव हो। राजनीति मुख्यधारमा दृश्यात्मक जनसमर्थनको एक नयाँ संस्कृति सिर्जना गरेको छ। केही पुराना विश्लेषकले बालेन-रवि को जोडीलाई हिन्दी शोले चलचित्रका लोकप्रिय पात्र "जय-बिरू" शैली जस्तै मात्र भनी आलोचना गरेका छन् – जहाँ नेतृत्व दृश्यात्मकता, शैली र नाटक द्वारा लोकप्रिय हुन्छ तर गहिरो राजनीतिक प्रबन्ध, नीति र स्थायी परिवर्तनलाई अघि बढाउन कठिनाइ भोग्छ।

चलचित्रमा पात्र लोकप्रिय हुन्छन् किनभने कथानक, भावनात्मक आकर्षण र शैली हुन्छ। राजनीतिक नेतृत्वले नीति, योजना, कार्यान्वयन र लोकसेवालाई सुनिश्चित गर्नु पर्छ। यदि बालेन-रवि जोडी केवल सार्वजनिक छवि, शैली र मिडियामा आधारित लोकप्रियतामा मात्र सीमित रहोस्, तब यो चलचित्र शैलीकै नाटक बन्ने सम्भावना हुन्छ। तर यदि उनीहरूले भ्रष्टाचार नियन्त्रण, सामाजिक समावेशी नीति, रोजगारी सिर्जना, आर्थिक सुधार र दीर्घकालीन राजनीतिक स्थायित्वको रूपरेखा प्रस्तुत गरे भने यो यथार्थ हुनेछ।

नेपालमा भ्रष्टाचार लामो समयदेखि राजनीतिक, प्रशासनिक र आर्थिक प्रणालीमा एक ठूलो चुनौती रहिआएको छ। बालेन-रवि जोडीले भ्रष्टाचार विरूद्ध कडा नीति, सार्वजनिक सेवा पारदर्शिता, सरकारी बिभागीय सुधार जस्ता विषयलाई प्राथमिकतामा राखेको देखिन्छ। तर यसलाई सतहमा गरिएका प्रतिवद्धता भन्दा संरचनात्मक सुधार, कानुनी अमल र दण्ड प्रक्रियाको प्रभावकारी कार्यान्वयन सँग जोड्न जरूरी छ। यदि केवल भाषणमा भ्रष्टाचार विरोध गरिन्छ तर संरचना परिवर्तन, जवाफदेहिताई प्रभावकारी बनाइँदैन भने यसको असर सतही हुनेछ।

नेपालमा रोजगार र शिक्षा एक ठूलो राजनीतिक-सामाजिक मुद्दा हो। युवा वर्गले उच्च शिक्षा, दक्षता विकास र रोजगारी अवसरको माग गर्दै आएको छ। बालेन-रवि जोडीले युवा-कुशलता कार्यक्रम, स्टार्ट-अप सहयोग, व्यावसायिक प्रशिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। अर्थतन्त्रमा कृषिले महत्वको भूमिका खेल्छ। स्वास्थ्य सेवा अर्को महत्त्वपूर्ण सामाजिक समस्या हो।

बालेन-रवि जोडीले राजनीतिमा आशा, नयाँ सोच, युवा सहभागिता र जनअपेक्षालाई जगाएको छ। हेरौं..।

# शोक, शक्ति र नेतृत्वको नैतिक बोझ



- डा. जनार्दन सुवेदी

**प्रिय केपी शर्मा ओली दाइ,**

आज, जब मैले आर्यघाटको भिडियो देखेँ जहाँ तपाईं आफ्नो बाबुलाई बिदाइ गर्न शान्त भएर उभिनुभएको थियो, म आफ्नो भावनालाई रोक्न सकिनँ। शोकले हाम्रो साझा कमजोरीलाई प्रकट गर्छ, जसले हामीलाई हाम्रो साझा मानवतामा सम्झाउँछ। यसले सार्वजनिक जीवनका तहहरूलाई हटाएर गहिरो मानवीय पक्षलाई देखाउँछ। त्यो गम्भीर स्थानमा, जहाँ अन्ततः प्रत्येक जीवन पुग्नैपर्छ, पद, विचारधारा, विजय, र पराजयको अर्थ हराउँछ। बाँकी रहन्छ भने केवल एक छोरा आफ्नो बाबुको सम्झनासामु उभिएको। त्यो दृश्य शक्तिशाली थियो किनभने यसले राष्ट्रलाई सम्झायो कि राजनीतिक पदको भार पछाडि पनि एक मान्छे हुन्छ जसले अरू सबैजस्तै क्षति अनुभव गर्छ। आर्यघाट केवल शवदाह स्थल मात्र होइन; यो स्थायित्वको भ्रम शान्तसँग विलीन हुने स्थान हो। धुवाँ आकाशतिर उठ्छ, नदी निरन्तर बगिरहन्छ, र पछाडि बाँकी रहेका मानिसहरूलाई आत्मचिन्तनमा छोड्छ। तर त्यो क्षणले निजी शोक र सार्वजनिक जिम्मेवारीबीचको सम्बन्धबारे गहिरो प्रश्न पनि उठाउँछ। एकपल्ट विचार गर्नुहोस्, ती छैहत्तर जना युवा र बालबालिकाको बारेमा जसको जीवन दुखद अन्त गरियो, उनीहरूलाई पनि शवदाह स्थलसम्म पुर्याइएका थिए, राजा वा रंकका अस्थिजस्तै नदीमा अर्पण गरिएका थिए।

तपाईंका बाबुले ९७ वर्ष लामो जीवन जिउनुभयो। उहाँले इतिहासको घुमाउरो यात्रा देख्नुभयो र व्यक्तिगत रूपमा आफ्ना छोराको अद्भुत यात्रा पनि देख्नुभयो–कठिन बाल्यकालदेखि राष्ट्रको प्रधानमन्त्रीको पदसम्म। त्यो कुनै पनि परिवारको जीवनमा दुर्लभ आशीर्वाद हो। तर त्यस्तो लामो जीवनपछि पनि, जब तपाईं आर्यघाटमा बिदाइ गर्न उभिनुभयो, शोक स्पष्ट देखिन्थ्यो। त्यो कमजोरी थिएन; गहिरो मानवीय थियो।

यदि शोकले सबैभन्दा बलियो मानिसलाई पनि हल्लाउन सक्छ भने, छैहत्तर जना युवाहरूका परिवारले बोकेको शोकलाई पनि विचार गर्नुपर्छ। उनीहरूले लगभग एक शताब्दी बाँच्ने मानिसलाई गुमाएनन्। उनीहरूले जीवन सुरू गर्न मात्र लागेका छोराछोरीलाई गुमाए। उनीहरूको बिदाइ अधूरा भविष्यतिर थियो। म यो उठाउँछु किनभने तपाईंले प्रायः आफूलाई **राष्ट्रिय बा** भनेर सम्बोधन गर्नुभएको छ। हाम्रो संस्कृतिमा त्यो शब्दले गहिरो नैतिक अर्थ बोकेको हुन्छ। बा केवल मार्गदर्शन गर्दैन; उहाँले संरक्षण पनि गर्छ। जब आफ्ना छोराछोरीलाई क्षति पुग्छ, बा टाढा रहन सक्दैन।

नेतृत्व सबैभन्दा स्पष्ट रूपमा विपत्तिका क्षणहरूमा नापिन्छ, जब सामान्य नागरिकको पीडाले स्वीकार्यता, सत्य, र जवाफदेहिता माग्छ। ती छैहत्तर जीवन आँकडा मात्र थिएनन्। उनीहरू सपना, आकांक्षा, र गहिरो प्रेम गर्ने परिवार भएका युवा मानव थिए। उनीहरूको सम्झना अब राष्ट्रको अन्तरात्मामा बस्छ।

तपाईंले आफ्नो आमा बाल्यकालमै गुमाउनुभयो, जीवनका कठोर वास्तविकताहरूलाई पूर्ण रूपमा बुझ्नुअघि नै। बाल्यकाल, जुन धेरैका लागि आरामको समय हुन्छ, तपाईंका लागि कठिनाइले भरिएको थियो। गरिबी केवल आर्थिक अवस्था मात्र होइन; यसले आत्मालाई आकार दिन्छ। दालभातको साधारण भोजनको निश्चितता पनि कहिलेकाहीँ सुनिश्चित थिएन। यस्तो बाल्यकालले कहिल्यै हराउन नसक्ने छाप छोड्छ, तर यसले तपाईंलाई पीडा र आशा दुवै बुझ्ने क्षमता पनि दिन्छ।

तपाईंको पुस्ताका लागि विचारधारा मार्गदर्शक प्रकाशझैँ देखिन्थ्यो। यसले व्याख्या, दिशा, र वाचा दिएको थियो कि समाजलाई सीमान्तकृतहरूको पक्षमा पुनर्गठित गर्न सकिन्छ। तपाईंको कम्युनिस्ट आन्दोलनमा प्रवेश त्यसै सन्दर्भमा बुझ्निनुपर्छ। यो केवल राजनीतिक छनोट मात्र थिएन; यो तपाईं वरिपरिको अन्यायप्रतिको प्रतिक्रिया पनि थियो। विचारहरू प्रायः शक्तिशाली हुन्छन् किनभने तिनीहरूले एक पुस्ताको भावनात्मक घाउलाई सम्बोधन गर्छन्, अशान्त समयको राजनीतिक सक्रियता खतरासहित हुन्छ।

परिस्थितिहरू छिट्टै बदलिन्छन्। गठबन्धनहरू फेरिन्छन्। तपाईंलाई पक्राउ गरी करिब बाह्र वर्ष जेलमा राखियो। धेरैका लागि यस्तो कैदले आशा नष्ट गर्छ। तर तपाईंको मामिलामा, जेल अप्रत्याशित विश्वविद्यालय बन्यो। निराशामा आत्मसमर्पण गर्नुको सट्टा, तपाईं ज्ञानतर्फ फर्किनुभयो। तपाईंले भौतिकशास्त्रदेखि दर्शनसम्म व्यापक रूपमा पढ्नुभयो, हातमा पर्न सक्ने प्रत्येक पुस्तकलाई आत्मसात गर्नुभयो। त्यो बौद्धिक जिज्ञासाले सार्वजनिक छवि निर्माण गऱ्यो जसलाई धेरैले प्रशंसा गरे।

जब तपाईं अन्ततः रिहा हुनुभयो, सिक्ने उत्साह हराएन। त्यसपछि तपाईंको राजनीतिक यात्रा क्रमशः, चरण-दर-चरण, धेरै वर्षको संगठनात्मक काम र सार्वजनिक सेवामार्फत अघि बढ्यो। दशकौंको संघर्ष, आत्मचिन्तन, कैद, र संलग्नतापछि, तपाईंको यात्रा अन्ततः पहिलो पटक प्रधानमन्त्रीको पदमा पुर्यायो। म तपाईंलाई प्रधानमन्त्रीको कार्यकालमा धेरैपटक भेटेको सम्झना गर्छु। ती संवादहरूले स्थायी छाप छोडे। राजनीतिक व्यक्तित्वको पछाडि विचारलाई मूल्य दिने र संवादलाई सम्मान गर्ने एक विचारशील व्यक्ति उभिएको थियो। विशेष गरी एउटा क्षण सम्झिन्छु जब तपाईंले कहिल्यै विश्वविद्यालय फर्केर शिक्षकको रूपमा जीवन बिताउने इच्छा व्यक्त गर्नुभएको थियो। शक्तिको दबाबमुनि पनि विद्यार्थीको जिज्ञासा बाँकी थियो। तर राजनीति कठोर हुन्छ। नेताहरूले प्रतिस्पर्धी हित, दबाब, र अपेक्षाहरूबीच मार्गनिर्देशन गर्नुपर्छ। सम्झौता प्रायः आवश्यक हुन्छ, तर नैतिक जिम्मेवारीलाई कायम राख्नु अत्यावश्यक हुन्छ। जब राजनीति जनताको कल्याणप्रति बेपर्वा हुन्छ, नैतिक वैधता गुमाउँछ।

नेतृत्वले नैतिक साहस माग्छ, विशेष गरी विपत्तिका समयमा।

जब मैले आर्यघाटको दृश्य हेरेँ, मैले त्यहाँ पहिले असंख्य परिवारहरूलाई सम्झेँ, हाम्रो संस्कृतिमा शवदाह स्थलले गहिरो दार्शनिक अर्थ बोकेको हुन्छ। यसले हामीलाई सम्झाउँछ कि अन्ततः सबै मानिसहरू एउटै गन्तव्यमा पुग्छन्। प्रधानमन्त्री, किसान, शिक्षक, र मजदुर सबै अन्तिम आगो अगाडि समान हुन्छन्। एक पुरानो विचार छः अन्तिम पोशाक, कात्रो, मा खल्ती हुँदैन। सम्पत्ति, अधिकार, र विशेषाधिकार पछाडि रहन्छ। त्यो क्षणभन्दा पर निरन्तर रहने कुरा स्मृति र नैतिक प्रतिष्ठा हो। तपाईंले कठिनाइ, कैद, बौद्धिक खोज, र राजनीतिक संघर्षले आकार दिएको अद्भुत जीवन जिउनुभएको छ। थोरैले मात्र यस्तो यात्रा अनुभव गरेका छन्। तर सबैभन्दा महत्वपूर्ण अध्यायहरू प्रायः आत्मचिन्तनमा लेखिन्छन्, जब अनुभव र अन्तरात्मा मिल्छन्।

राष्ट्रहरूले नेताबाट पूर्णता अपेक्षा गर्दैनन्। सत्यता, विनम्रता, र नैतिक साहसको आशा गर्छन्। जब नेताहरूले सुन्ने इच्छाशक्ति देखाउँछन्, पीडालाई स्वीकार्छन्, र सत्यको खोजी गर्छन्, राष्ट्रको नैतिक आधारलाई बल दिन्छन्। हानिपछि अन्तरात्माको आवाज सजिलै सुन्न सकिन्छ। सायद आर्यघाटको दृश्य केवल बाबुलाई बिदाइ मात्र होइन, इतिहासले कसरी सम्झनेछ भन्ने कुरा नेताले आकार दिने क्षण पनि होस्।

*आदर र हार्दिक श्रद्धाञ्जलीसहित, जनार्दन भाइ*

# Community Iftaar in Maryland Generated Renewed Resolve on Kashmir



*Dr. Ghulam Nabi Fai*
*Chairman : World Forum for Peace & Justice*

Maryland, USA.— What began as a warm and gracious Iftaar dinner hosted by Mr. Asif Khan and Mrs. Afshan Asif at their residence in Maryland evolved into a thoughtful and engaging discussion on the situation in Kashmir, bringing together prominent members of the Kashmiri diaspora.

The Iftaar was organized to welcome back Sardar Zulfiqar Roshan Khan and Mrs. Parveen Zulfiqar Khan. Sardar Zulfiqar Khan, widely respected for his unwavering commitment, has been a constant source of encouragement for Kashmir-related advocacy efforts in Washington, D.C., New York, and beyond for over three decades.

A particularly notable moment of the evening was the reunion of what attendees fondly referred to as the "3 Zees" — Sardar Zulfiqar Khan, Sardar Zarif Khan, and Sardar Zubair Khan — who, after more than a year, came together once again. Their presence added both symbolic and substantive value to the discussions, as they exchanged perspectives on current developments and explored new initiatives aimed at alleviating the suffering of the people of Kashmir.

The event was attended by well-known members of DMV community including Sardar Aftab Roshan Khan, Sardar Shoaib Irshad, Sardar Zeeshan Khan, Sardar Sabir Khan, Sardar Waheed, and Mr. Tabreez Khan from Rawalakot, whose presence proved both remarkable and inspiring. I also had the honor of participating in this meaningful gathering.

During the discussions, Sardar Zulfiqar Khan provided a comprehensive briefing on his engagements in Pakistan throughout 2025 and early 2026. He highlighted a series of impactful programs organized in collaboration with Sardar Zubair Khan, Professor Waris Ali, Mohammad Nadeem Khokhar, across key cities including Islamabad, Rawalakot, Muzaffarabad, and Palandri. These initiatives focused primarily on university campuses and Bar Councils, emphasizing the importance of mobilizing youth and legal professionals to carry forward the Kashmir cause.

Among the institutions engaged were the Mirpur University of Science and Technology (MUST), the University of Azad Jammu and Kashmir (Muzaffarabad campus), and Bar Councils in Islamabad and Palandri. Sardar Zulfiqar Khan specifically referenced a six-hour program organized by the Kashmir Council of the National University of Modern Languages (NUML), describing it as both educational and inspirational. The event featured a cultural program, a photo exhibition, and lectures by distinguished speakers including Ambassador Sardar Masood Khan, Sardar Yasir Ilyas, CEO of Centaurus, Rana Mohammad Qasim Noon, Muzzammil Ayub Thakur, and Dr. Ghulam Nabi Fai.

Zulfiqar emphasized that there is a strong and growing sentiment among people in Azad Kashmir that more concerted efforts are needed—both domestically and internationally—to raise awareness and encourage global powers to play a constructive role in ensuring that the people of Kashmir are granted their right to self-determination.

Mr. Tabreez Khan shared insights into the work of the Kashmir Action Committee, describing it as a non-political coalition that has effectively addressed grassroots challenges faced by the people of Azad Kashmir. Currently visiting the United States, Mr. Khan is expected to travel to several other cities in the coming weeks to further engage with diaspora communities.

Beyond the substantive discussions, the evening was marked by warmth and hospitality. All dishes served at the Iftaar were lovingly prepared at home by Mrs. Afshan Asif, with assistance from her younger sister, Inshan Zulfiqar. Guests also expressed appreciation for Sardar Waqas Khan, whose gracious service ensured comfort and ease for all attendees.

The gathering concluded on a high note, leaving participants inspired and reaffirmed in their shared commitment. What began as a simple Iftaar dinner ultimately became a meaningful platform for dialogue, unity, and renewed resolve toward advancing the cause of peace and justice in Kashmir.

# Global Surveyors' Day Observed

The 9th Global Surveyors' Day is observed in Nepal with a formal ceremony organized by the Nepal Institution of Chartered Surveyors (NICS), in association with the Survey Department of the Government of Nepal. The Day is globally marked on 21 March each year, initiated by International Federation of Surveyors (FIG), Copenhagen, Denmark.

The Chief Guest of the event was Mr. Madan Bhujel, Secretary at the Ministry of Land Management, Cooperatives and Poverty Alleviation inaugurated the programme. Among the guests present were the Founder President of NICS, Mr. Buddhi Narayan Shrestha; Former President, Mr. Punya Prasad Oli; Joint Secretary of the Ministry, Mr. Ganesh Prasad Bhatta; and Director General of the Survey Department, Mr. Prakash Joshi, along with other notable participants. The function was chaired by the President of NICS, Mr. Niraj Manandhar.



In his address, the Chief Guest and Secretary, Mr. Madan Bhujel, appreciated the efforts made by NICS in advancing professional development and assured continued support for strengthening the profession. He also extended his congratulations to all professionals on this auspicious occasion. The Global Surveyors' Day may enhance the activities on their respective field.

The Director General of the Survey Department, Mr. Prakash Joshi, highlighted the significant contributions of the surveying profession to nation-building and reflected on the transformations achieved over time.

The Founder President and distinguished veteran surveyor, Mr. Buddhi Narayan Shrestha, highlighted the activities of NICS in relation to Global Surveyors' Day and its engagement with the FIG. He mentioned, Nepali Surveyors have adopted and maintained the ethics, moral and code of conduct propounded by FIG. Global Surveyors' Day is observed to highlight the work of the professionals of surveying, mapping, land administration and geo-spatial science. He emphasized the importance of organizing such events to strengthen the professional community. He also mentioned the candidacy of Mr. Ganesh Prasad Bhatta, Joint Secretary at the Ministry of Land Management, Cooperatives and Poverty Alleviation, for the position of FIG World Vice-President at the FIG Congress 2026, scheduled to be held from 24-29 May 2026 in Cape Town, South Africa, and extended his best wishes for success.

On the occasion, NICS felicitated outstanding graduates of 2025; the top-performing students; from the Bachelor of Engineering in Geomatics Engineering programmes of the three universities offering this course in Nepal. The awardees included Mr. Indra Paudel from Tribhuvan University, Mr. Shishir Kharel from Kathmandu University, and Ms. Shahara Shrestha from Purvanchal University. In addition, Dr. Bhaskar Shrestha, a PhD graduate from the University of Chinese Academy of Sciences, was also honoured for his achievement in completing a doctoral degree in a subject related to the surveying profession. NICS has been conducting this felicitation programme since the inception of Global Surveyors' Day celebrations in Nepal.

Mr. Nirmal Acharya, Secretary General of NICS, delivered the welcome remarks. The President of NICS, Mr. Niraj Manandhar, extended his sincere thanks to the Chief Guest, the Survey Department family, surveying and geomatics professional and all participants for their presence and valuable support in making the Day a success.

# Beautiful Without Intelligence Is Like a Masterpiece on a napkin

**Dr. Janardan Subedi**



Beauty without intelligence is a masterpiece painted on a napkin." The line, often attributed to Barbara Pavlin, captures a deceptively simple truth about appearance and substance. A masterpiece painted on a napkin might initially dazzle the eye. The colors look brilliant, the form impressive, and the artistry captivating. For a moment, the observer pauses in admiration. But the surface on which the painting rests is fragile and disposable. A small stain, a careless fold, or the passing of time can easily destroy it. What once appeared magnificent quickly reveals its impermanence.

The metaphor extends beyond art. In public life, appearances without substance may impress temporarily, but genuine value requires understanding and effort. This demonstrates why true leadership must appeal to people's sense of responsibility.

The orientation of newly elected members of Parliament from Nepal's Rastriya Swatantra Party (RSP) should have been a serious introduction to legislative responsibility. Instead, it exposed a deeper issue: the gap between symbolic representation and real readiness. Many participants suddenly found themselves in the national spotlight. Some represented a new generation of politicians; others returned from decades abroad. The event called for humility, reflection, and seriousness, but what actually happened told a different story.

The camera moved across rows of elegantly dressed women, smiling, conversing, and occasionally laughing. Their presence reflected an important democratic achievement: Nepal's constitutional commitment to proportional representation has opened parliamentary space for women who have historically been excluded from politics. This progress is commendable. Yet the scene raised a pressing question: was this a moment of reflection on responsibility, or a social celebration of newfound statusæ Public office is not merely symbolic; it is a moral and institutional trust.

The overall presentation, broadcast widely, felt somewhere between a Hollywood spectacle and a Bollywood melodrama. Cameras lingered on every gesture, and the event emphasized style over substance. Among the crowd, many Nepali women stood out as exceptionally capable, educated, sophisticated, fluent in both local and global contexts, deeply rooted in Nepali realities, and yet influential beyond what is typically imagined. Where were they in this displayæ Their absence highlighted a stark dissonance: the event showcased glamour rather than grounded leadership that the nation urgently needs.

Yet, the event also revealed sharp contrasts in personal experience and ability. Two women parliamentarians had faced deep grief; one lost her son, and the other her brother. Their bravery in taking part in national politics despite such losses was impressive, yet the public display mostly overshadowed their dignity and resilience. Meanwhile, several MPs who had spent over 90 percent of their lives abroad struggled even to speak Nepali fluently, making the simple act of communicating in their native language feel as hard as climbing Mount Everest. These contrasts exposed the fragile surface of symbolic representation: visibility alone cannot replace preparation, empathy, or cultural grounding.

And yet, when one looks closely, it becomes painfully obvious. Most of these new representatives have likely never touched the Constitution, let alone studied the practical implications of lawmaking or governance. They are suddenly expected to represent millions, draft legislation, and oversee policies that shape the nation. Is this realism, or are we fooling ourselvesæ Symbolic presence cannot replace expertise, understanding, or practical engagement. If superficiality continues, it risks undermining effective policy-making and eroding public trust in democracy.

Nepali society is often led to believe that representation has been achieved simply because internationally exposed, English-speaking figures occupy parliamentary seats. Visibility indicates change, yes, but true representation cannot be reduced to language, cosmopolitan exposure, or outward sophistication. Genuine representation requires understanding the lived experiences of the people whose voices one claims to carry.

Watching the orientation video, I found myself asking a straightforward sociological question: whom do these celebratory figures really representæ

The response was not immediately comforting.

They did not seem to reflect my experience or that of many Nepalis whose lives are grounded in the country's everyday realities. Instead, they represented a carefully crafted image of modern political representation, visually striking but socially detached from most of the population.

As a sociology student, I face another difficult question: can these newly promoted representatives provide meaningful leadership, such as policy expertise, constituency service, and ethical governanceæ My answer is unsure. Political skill does not develop overnight. Legislative efficiency requires understanding constitutional principles, committee work, policy negotiation, and constituency engagement. Without proper preparation, even the most motivated representatives might struggle to turn their intentions into action.

Nepali voters placed remarkable trust in the RSP. Disillusioned with traditional political forces, many hoped the party represented a break from corruption, stagnation, and political theatrics. They expected transparency, reform, and accountability. Citizens believed the party could deliver meaningful change. But does the party itself recognize the full weight of these responsibilitiesæ The orientation suggested ambivalence.

The event had more of a spectacle than mentorship. Public scolding replaced structured guidance. Cameras recorded interactions that looked more like performances than serious preparation for parliamentary duties. Such theatrics undermine both the dignity of representatives and the seriousness of Parliament.

Irony grew even more intense when considering the venue: a luxury hotel whose owner is currently in jail. Whether intentional or not, the symbolism was unmistakable. A party that claims to oppose corruption and elitism defined its stance in a space fraught with controversy. Symbols matter; when rhetoric and actions don't align, public trust diminishes.

The challenge goes beyond individual parties; it requires a collective effort. Although progress in inclusion is encouraging, the audience should feel inspired to back systemic reforms that guarantee genuine preparedness and meaningful representation.

Political parties, therefore, bear a significant responsibility. Orientation programs often fall short-they lack structured mentorship, comprehensive policy briefings, and practical legislative training. They should aim to educate rather than embarrass. Newly elected representatives should leave these programs with greater confidence and a clearer understanding of their duties, ensuring that superficial appearances do not substitute for genuine preparedness.

Citizens who support reform deserve more than just visual diversity in parliamentary halls. They deserve lawmakers who can deeply engage with national challenges. They deserve leaders who serve with humility, insight, and resilience.

The metaphor of the masterpiece on a napkin becomes especially relevant here. Beauty can draw attention and inspire admiration. However, without structure and durability, the work cannot stand the test of time.

In politics, symbolic representation without proper intellectual groundwork risks the same outcome. It shines briefly but falls apart under the burden of real governance.

Nepal is at a crucial point. Voters have shown a readiness to support new political groups and fresh leaders. This openness presents a rare chance for institutional renewal and responsible leadership.

Opportunity, however, always comes with responsibility.

Democracy cannot survive on show alone. It needs leaders who blend visibility with skill, representation with accountability, and ambition with modesty.

Mentorship, not humiliation, should guide new representatives. Structured orientation, ongoing support, and institutional grounding ensure symbolic victories lead to meaningful governance. Only then does representation truly matter.

Let us hope these representatives sincerely study Nepal, engage with its realities, and act accordingly. The nation is watching closely. Every statement and decision carries significance. We hope they read, reflect, and understand before speaking, because words without grounding can mislead and undermine trust. Accountability is not just symbolic; it is the foundation of responsible governance.

A masterpiece requires a proper canvas, not a napkin. Representation demands preparation. Leadership calls for substance. Nepal's democracy will thrive only when those in power understand that public service is a serious responsibility, not a celebratory display. Only then will respect turn into trust, and symbolic wins become genuine democratic progress.

***Author Subedi is a Professor of Medical Sociology at Miami University, USA***

# पहिले राष्ट्रिय समस्याको पहिचान जरूरी –३



अव्यबस्थित बस्तिको विकास :

आजकल एकातिर अन्धाधुन्ध तरिकाले खेती योग्य जमिनमा शहरहरू व्यापक रूपले बढिरहेका छन् भने अर्कोतर्फ जतिसुकै भिरालो ठाउँमा पनि वन विनाश गरेर तथा खोरिया खनेर ज्यादै अव्यवस्थित रूपमा गाउँहरू बढिरहेका छन्, थपिई रहेका छन् । यी दुवै अवस्थामा देश घातक र खतरनाकजनक अबस्थामा छ । यस्तो कुराको सावधानी, शताब्दियौं पहिले जुन बेला देशको जनसंख्या नगन्य थियो, त्यसै बेलादेखि लिनुपर्ने थियो । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले लिइबक्सेको नीतिलाई अबलम्बन सम्म पनि गरिएन । उनका मार्मिक उपदेशले पनि हामी कसैलाई छोएको छैन यस बारेमा धेरै कुरा गरिसकेका छौं, लामा लामा योजना बनाइसकेका छौं तर काम भएका छैनन् । फलत: गाउँ पनि भताभुंग छन्, शहर पनि लथालिंग छन् ।

उर्वरा भूभागमा मिचान :

नेपालका तराईमा पुनर्वास क्षेत्रका गाउँहरूको बनोट केही हदसम्म उपयुक्त देखिन्छ तर स्पष्ट र दीर्घकालिन नियमको अभावमा ती गाउँहरू विलकुलै पुरानो गाउँ जस्तै हुँदैछन् । त्यसको अलावा अन्य निर्दिष्ट योजनाहरू जस्तै सुर्खेत, दाङ, बाग्लुङ, चितवन, काठमाडौं, पाटन, भक्तपुर, दमौली, धादिङ्बेसी जस्ता र केही तराईका शहरहरूले दिनानुदिन उर्वरा फाँट वेमाख पारिरहेका छन् । यो अनुपयुक्त र राष्ट्रघाती काम हो । यसो भएमा कृषिकालागि उपयुक्त क्षेत्र जति बसोबासले ढाकेर बन्जरमात्र बाँकी रहनेछ । कृषिमा आधारित नेपाल इतिहासको कुरा हुनेछ । अनि कृषिमा आधारित हामी नेपाली कृषिमै पछि पर्नेछौं । उत्पादनमा ह्रास आउने जस्ता योजनामा पहिले नै सजग भई ध्यान दिएका छैनौं । कैयौं परिवारलाई पुग्ने जग्गा फालिरहेका छौं । यस्ता आधुनिक सुविधायुक्त क्षेत्रमा दिन प्रतिदिन बस्ती घना हुँदै गइरहेका छन् । माथि उल्लिखित शहरहरू नहुनुपर्ने रूपका उदाहरण हुन् भने तानसेन, धनकुटा, इलाम, बुटवल, धरान, घोराही, डोटी, गोर्खा, कोहलपुर आदि हुनुपर्ने शहरका नमूना हुन् । किनभने पहिला पंक्तिका शहरहरू उर्वरामा सरेका छन् भने दोस्रो पंक्तिका शहरहरूले उर्वरा क्षेत्र कायम राखेर अनुर्वरामा अवस्थित छन् । त्यस्तै गरेर सरकारी भवन निर्माण गर्दा पनि उर्वरा र अनावश्यक जग्गा अधिकरण गरी घर बनाइराखेको जहिँतहिँ देखिन्छ । यसरी उत्पादन हुने जग्गामा चाहिने भन्दा बढी जग्गा अधिकरण हुनु उपयुक्त देखिँदैन । यस्ता कामका लागि २।३ तल्ला उचाइ हुने गरी तथा भूकम्पबाट जोगिने गरी अनुर्वरा ठाउँ समेत छानिनुपर्दछ ।

यस्तो प्रबृत्तिले दशौं लाख जनतालाई सजिलै पाल्न सक्ने सबै भन्दा उर्वरा भूभागको विनाश भयो । यसो हुनु नेपाली मात्रको दुर्भाग्यको कुरा हो । यो अब काम गर्ने निष्कपट राष्ट्रप्रेमी देशभक्त नेता तथा कर्मचारीकालागि एउटा ठूलो पाठ पनि हो ।

जमीनले नधान्ने बस्ती :

हरेक मानिसले आफ्नो क्षमता अनुसार भारी बोक्न सक्दछ । त्यस्तै हरेक ठाउँले पनि आफ्ना क्षमता अनुसार जनतालाई पाल्न सक्छ, उत्पादन दिन सक्छ, क्षमताभन्दा बढी मानिस वैरिएर बस्न थाले भने त्यहाँ खेलकुद, व्यायामशाला, नाट्यशाला जस्ता मानसिक र शारीरिक विकासका कुराको त कल्पनै नगरौं, त्यहाँ त खानेपानीकै अभाव हुन्छ, पाइखानाको फोहोर हुन्छ, फोहोर पखाल्ने पानी हुँदैन । जताततै फोहोर, हिलो, धूलो र अभावै अभाव हुन्छ । फोहोर यति बढेर जान्छ कि त्यहाँको जीवन नै नारकीय हुन पुग्दछ । अहिले शहरको क्षमताको हिसावै नगरी बस्ती बढ्न गएकाले सबै शहरको अवस्था नाजुक छ । नाजुकपनको सर्वोच्च उदाहरण काठमाडौं नै हो । कुन ठाउँमा कस्तो र कत्रो शहर वा बस्ती बसाइनुपर्दछ भन्ने कुरोको सोझो जबाफ हो जुन ठाउँको जति क्षमता छ त्यहाँ त्यत्रै बस्ती बसाइनु पर्दछ ।

स्थानीय योजना:

स्थानीय आवश्यक्ता अनुसार स्थानीय स्रोत र साधनमा आधारित स्थानीय नेतृत्वले परिचालन गर्न सक्ने स्थानीय स्तरका योजना तर्जुमा गर्न पनि हाम्रो पुरानो परम्परागत बस्ती बाधक र घातक हुन पुगेको छ । यसले सबै मानिसलाई कसरी गर्ने भन्ने कुरामा भ्रम सिर्जना गरिदिएको छ । छनौट र प्राथमिक्ताका आधार तोक्न समस्या पैदा गरिदिएको छ । यही कारण तनाव उत्पन्न भएका छन् । झगडा र मनमुटाव बढेका छन् । अनि स्रोत र साधन या त परिचालन नै हुन सकेका छैनन् वा दुरूपयोग भएका छन् ।

असन्तुलित विकास:

केन्द्र र गाउँमा व्यापक असुन्तलन छ । यस्तो विभेदतापूर्ण असन्तुलत संसारका अरू कुनै मुलुकमा छैन । यो योजनाकारको गलत, स्वार्थपरक र नीचदृष्टि ९:थयउष्अ ख्ष्कष्यल० का कारण भएको हो ।

वातावरणीय असन्तुलन :

विज्ञानको गलत प्रयोग, गलत राष्ट्रिय नीतिको तर्जुमा, भ्रष्टाचारी चरित्र र सत्तालिप्साको गलत सोचाइले नेपालको वातावरण बिग्रेको छ, बिग्रँदो छ । अव्यवस्थित बस्ती, अव्यवस्थित पशुपालन, अवैज्ञानिक खेती गराइले पनि वातावरण विगार्नमा ठूलो भूमिका खेलेको छ । अव्यवस्थित आयोजना, केन्द्रिकरण कार्यान्वयन र असन्तुलित विकास गतिले परम्परागत बसाइँ छाडेर बसाइँ सर्न बाध्य भएकाहरूले गाउँ र शहर दुवैको वातावरण खलबल्याउन प्रमुख भूमिका खेलेको छ । नीति निर्माताहरूले ठेकेदारले भने अनुसार निर्णय गर्ने, पश्चिमी देशका सल्लाहकारहरूले निहित स्वार्थलाई हेरेर दिने गलत सल्लाह मान्ने अधिकारीले गर्दा देशको सम्पूर्ण वातावरण खलबलिएको छ । वनविनाश भएको छ । प्रतिवर्ष ०.२ मिमि उर्वरा माटो बगेर बंगालको खाडीमा थुप्रिन पुगेको छ । तापक्रममा परिवर्तन आएको छ । हिमालयको हिमपात घटेर जलसंयन्त्र नै बिग्रँदो छ । वर्षामा परिवर्तन आएको छ । मानिस-पशु-पंक्षी-कीटपतंग-उद्भिदसँगको अन्तरसम्बन्ध खलबलिएको छ । मानिसको स्वास्थ्य आयु र जन्म मृत्युमै नकारात्मक प्रभाव परेको छ । सबैभन्दा बढी त यसले मानिसको सोच्ने शक्ति र प्रवृत्तिमै कुठाराघात गरेको छ । यही कारणले नै मानिसले नसादार तथा लागू पदर्था खाने, धर्म नीति तोड्ने, उद्दण्ड काम व्यवहार गर्ने, जुवा खेल्ने, अनौठो कपडा लगाउने, अनैतिक र आपराधिक काम गर्ने गर्न थालेका छन् । कुल जनसंख्याको ४४% मानिस यस प्रकारका मानसिक रोगले ग्रसित छन् ।[1]

भू-स्खलन :

जाडोले गर्दा हिमवर्ती भेकमा वर्षाको एक बाली मात्र खेती हुन्छ । त्यहाँ जीविकोपार्जनका लागि चौंरी गाई र भेंडी पालन गर्दछन्, प्रकृतिको भरमा । गाईले घाँस खाइदिने, भेंडाले जरा चपाइदिने, जाडो टार्न मानिसले रूख काटिदिने र कसैले पनि वन-घाँस-रूखको संरक्षण नगरिदिने हुनाले यो क्षेत्र मरूभूमितुल्य हुँदै गइरहेको छ । विश्वमै दुर्लभ मानिएका महंगा जरिबुटी याहा हुने भए पनि संरक्षण र खेती गरिने नभएकाले यहाँका अचेतन जनताले वंशकै बिनाश गरिरहेका छन् । गलत बस्तीका कारण यहाँबाट सुरू हुने माटो बगाउने काम तराईसम्म अविरल रूपमा चालू छ । हिमाल क्षेत्रमा बस्ने थोरै बासिन्दाले थुप्रै भूखण्ड ओगटेका मात्र होइनन् कि त्यस क्षेत्रमा बस्ती बस्ता अतिचरिचरन र दाउराको अत्यधिक प्रयोगले जमिन बगी सकेको छ, उत्पादक्तव घटी सकेको छ । यहाँ प्रतिपरिवार वार्षिक आम्दानी औसत भन्दा कम छ । यहाँको बस्तीले त्यहाँ बस्नेहरूलाई मात्र दु:ख दिएको होइन देशका सबै बासिन्दाहरूलाई त्यत्तिकै पिरोलेको छ ।

देशको झण्डै चार पंचांश भूबनोट ओरालो अथवा भिरालो अवस्थामा छ । वन विनाश अचाक्लि चरन मानिसको अति गतिशीलता, अत्यन्तै अवैज्ञानिक कृषि पद्धति, दीर्घ प्रभाव अध्ययन विहिन तथा दीगो सिद्धान्त विहिनका विकास आयोजनाहरू र सरदर अचेतन र अर्धचेतन अवस्थामा मानिस हुनुको कारण अत्यन्तै चिन्ताजनक अवस्थामा देशभर भूस्खलन भएको छ । नेपालबाट प्रतिवर्ष अरबौं टन माटो बगेर हिन्द महासागरमा पुगेको छ । यो सरदर ०.०२ मिमिको मोटाई हुन आउँदछ । बग्ने सबै माटो उर्वरा हो । उर्वरा माटो बन्न २०० वर्ष लाग्दछ । जुन एउटै भलले एकै छिन्मा बगाएर लैजान्छ । यस्तो भूस्खलनका कारणले मात्र प्रतिवर्ष नेपालको उत्पादत्तव ०.०२ प्रतिशतले घट्दै गएको छ । यही अवस्था रहे नेपाल आउँदो ५०-१५० वर्षमा बस्नै नहुने गरी मरूभूमिमा परिणत हुनेछ । यो पद्धतिले भू-स्खलन बचाउन पूरापुर सहयोग गर्दछ । यस सिद्धान्तको अर्को विकल्प देखिँदैन ।

कृषि विविधिकरणको अभाव:

नेपालीले आज सम्म जग्गामै खनजोत गरेर खेती रोजगारी गर्ने बाहेक अर्को व्यवसाय गर्न जानेका छैनन् भन्नुमा पनि अत्युक्ति नहोला । खेतीमा अध्ययन अनुसन्धान गर्ने भन्ने कुरा कृषकस्तरमा थाहा छैन । जग्गा र खेतीको गुणस्तर बढाएर उत्पादक्तव बढाउने भन्ने कुरातिर अधिकांश कृषकको सोचाइ नै छैन । अनियन्त्रित जनसंख्याको चाप र अज्ञानताको कारणले गर्दा सबैले सबै ठाउँमा खेतीका लागि क्षेत्रफल नै बढाउन थालेका छन् । के भीर, के पहाड, के खोलाको तीर, के वन जंगल, जताततै अन्धाधुन्द्ध खेती गरिएको छ । त्यो पनि खाली अन्न खेती । यसरी मानिस, पाल्तु पशु सबले पृथ्वीको सतहलाई क्षत-विक्षत गराएका छन् । अलि अलि भएको खेती लायक जमिन पनि बिग्रेर ढाँड र बगर बन्दै गएका छन् । अब यहाँ बाँस र सिस्नु पनि पलाउन छाडेका छन् । फलत: पशुको चारा, मानिसको खाना सबै दिनानुदिन घटेर जन जीवन नै अस्तव्यस्त हुँदै गइरहेको छ । खोरिया खन्ने परम्परा सम्म रोकिएको छैन ।

# जनादेशलाई कसरी बुझ्ने ?



**सुरेशकुमार पाण्डे**

राजनीतिक प्रभावको मूल्याङ्कन र जनताको इच्छाको मापन जनादेश हो । यसकारण जुन प्रकारको मतादेश सार्वजनिक भएको छ, यो भोटको महत्वपूर्ण भूमिका हुन्छ । जसले देशको अबस्थालाई परिवर्तन् गर्ने आधार तैयार पारेको छ । कुनै राष्ट्रिय हितका लागि राजनीति गरेकाहरूको यति बहुमत हुन्छ भने उनिहरूले सर्वपर्थम सङ्घीयता लगायतका तमाम राजनीतिक मुद्दाहरू किनारा लगाउनुपर्छ ।

पटक-पटक द्वन्द्ध भगेलेका जनताहरूले शान्ति सुब्यवस्था चाहान्छन् । पुरानालाई अविश्वास गरेर ४ वर्षे पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले एक मौका दिएका छन् । जनताले अन्य पार्टीहरूले अठ्ठार वर्षसम्म जनता र देशलाई हरिकङ्गाल पारेको आक्रोशमा उर्लिएको जनसैलावले राष्ट्रिय स्वतन्त्र पार्टीलाई भोट दिएकाछन् ।

अहिले जनताको मतलाई सरसरर्ती रूपमा मुल्याङ्कन गर्दा कम्युनिष्टको बिरूद्धमा गएको देखिन्छ । यसबारेमा हामीले गहन अध्ययन गर्नुपर्ने हुन्छ । किन जनताको कम्युनिष्टबाट मोहभङ्ग किन भयो ? कुनै समयमा देशभित्र बहुमत कम्युनिष्ट विचारधाराको थियो । तर अहिले त्यो अत्यन्तै कम देखिन्छ ।

निर्वाचनको मूल्याङ्कन गर्दा नेपाली कांग्रेसको मत सङ्ख्यापनि घटेको छ । कम्युनिष्ट र कांग्रेसको मत घट्नुले रास्वपाको बढेको हो । यसको अर्थ आफ्नै पार्टीका मतदाताहरूसमेत रास्वपाप्रति आकर्षित भएको देखिन्छ ।

कम्युनिष्टमात्र होइन, कांग्रेसलाई जनताले रूचाएका छैनन् । सबै भर र भरोस, विश्वास रास्वपातिर मोडिएको छ । यो विश्वासको सम्मान रास्वपाले गर्न सकेनभने स्वत: रस्वपा कमजोर हुनजानेछ । समयक्रममा प्रधानमन्त्री बालेन्द्र साहले गर्ने गल्ती कमजोरी रास्वपाको भविष्यलाई देखाउने छ ।

४ पल्ट प्रधानमन्त्री बनेका केपी ओलीले आफ्नै निर्वाचन क्षेत्रमा झण्डै ५० हजार मतान्तरले चुनाव हार्नु चानचुने घटना होइन । रवि लामिछानेमात्र रास्वपाको सभापतिको रूपमा चुनावमा गएको भए यो प्रकारको नतिजा आउने थिएन । जब रविले बालेन्द्र साहलाई पार्टीमा भित्र्याउने, भावी प्रधानमन्त्रीको उमेदवार भनेर चुनाव प्रचार गरे, तव रास्वपाको जनलहर आँधीतुफान जसरी उर्लियो । फागुन २१ को निर्वाचन परिणाम पनि आँधीजसरी नै आयो ।

पुराना स्थापित पार्टीहरू संविधानमा कमजोरी देखिरहेका थिए । संशोधन गर्नुपर्ने विषयमा बहस गरिरहेका थिए । तर यही संविधानअनुसारको निर्वाचनमा रास्वपाले दुई तिहाइ मत ल्यायो । ५ वर्षे स्थिर शासन दिने जनादेश पायो ।

अचम्म त भयो, तर सबै स्थापित दलहरूले यो चुनावी परिणाम स्वीकार गरेका छन् । आश्चर्य त के पनि देखियो भने यो निर्वाचनमा एकजना पनि उमेदवार अथवा एउटा पनि पार्टीले धाँधली भयो भनेर चिच्याएनन् ।

राप्रपा र मधेशवादी दलहरू खुम्चिए । राप्रपाले बीउ जोगायो, मधेशवादी सोत्तर भएका छन् । क्षेत्र, जातिवादी, भाषाभेषवादीहरूले टाउको उठाउन सकेनन् । जनता राष्ट्रिय एकता, स्थिरता, शान्ति, सुशासन र विकास चाहन्छन् भन्ने जनादेशले प्रष्टै देखायो ।

यो चुनावमा बरू श्रम संस्कृति पार्टीलाई जनताले ३ लाख ८५ हजार ६७९मत दिएर पांचौं नम्वरमा राष्ट्रिय पार्टी बनाईदिएका छन् । राप्रपा छैटौं नम्वरमा आएको छ । यसरी अहिलेको निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी र श्रम संस्कृत पार्टीलाई जनताले रूचाएको अवस्था देखिन्छ । महावीर पुनलाई पनि जनताले सहयोग भरपुर गरेकाछन् । रास्वपाको समर्थनमा महावीर पुनले चुनाव जित्नु राम्रो भयो । नराम्रो त रास्वपा प्रवेश गरेर फर्किने र उज्यालो नेपाल पार्टी खोलेका कूलमान घिसिङले चुनाव हारेका छन्, यो दु:खद छ ।

चुनावी राजनीतिमा यो अन्य राजनैतिक पार्टीको गणितीय हिसावले लगातार खस्किँदै आएको अवस्था हो । उनिहरू द्वारा गरिएको काम र जनता प्रतिको उदासिनताको असर भनेर बुझ्नुपर्छ । देशमा विकास नहुनु देशभित्र भ्रष्टाचार ब्यापत हुनु, अर्थात दस्तुर विनाको कुनैपनि काम नहुनु, देशभित्र युवाहरूले रोजगार नपाउनु, रोजगारका लागि डिग्री बोकेर घर धितो राखेर जिन्दगी हत्थकेलामा राखेर विदेश छिर्न बाध्य हुनु आदि बाध्यताले गर्दा जनाक्रोश बढेको हो र चुनावमा यहि देखियो ।

अब राजनैतिक पार्टीहरू आत्मसमीक्षा गर्नुपर्छ । बिगत अठ्ठार वर्ष देखि दुई, तीन, चार पटक प्रधानमन्त्री भएकाहरूले एक मौका दिनुपर्यो भनेर जनतामा पुगेपनि जनताले पत्याएनन् । उनीहरूले अहिलेसम्म किन केही गरेनन्, अब के गर्छन् भनेर सोधेको प्रश्नको जवाफ पनि दिएनन् । अन्तत: चुनावमा तिनले जनमत पाएनन् ।

देश घन्टीमय हुनुमा बिगतका सत्तामा बसेका आलोपालो सत्ता स्वाद लिएका राजनैतिक पार्टीहरू नै बिशेष रूपमा जिम्मेवार हुन । अब जनताको बिचमा पुगेर आत्मलोचना गर्नु र अर्को चुनावसम्म पर्खनुको विकल्प छैन ।

कम्युनिष्ट पार्टीका लागि भने अहिले एउटा जटिल प्रश्न (?) खडा भएको छ । त्यो प्रश्न अबको पालो जनताको बिचमा नैतिकता बोकेर जानेकी जनताको बिचमा पुगेर नैतिक्ता निर्माण गर्ने ? यो प्रश्न कम्युनिष्टहरूलाई सामन्य होइन एउटा जटिल प्रश्न हो ।

यदि कम्युनिष्ट सच्चिएनन् भने सक्किनेछन् । जसरी पश्चिम बंगालमा कम्युनिष्टको ३४ वर्षे शासन २०११ मा ढलेको थियो, फेरि उठ्न सकेनन् । भारतमा कम्युनिष्ट शिलाखोज्नुपर्ने दिन आइसकेको यथार्थ बुझ्नुपर्छ ।

कम्युनिष्टका नेता र कार्यकर्ताले बुझ्नै पर्ने कुरा जनताको माझमा जनताले चाहेजस्तै व्यवहारको प्रदर्शन गर्न सक्नुपर्दछ । जनताको बिचमा गैरजिम्मेदार बन्दा कम्युनिष्टलाई जनताबाट अलग थलग बनाईदिन्छ भन्ने उदाहरण अब छर्लङ्ग भइसक्यो ।

अहिले जनमतको सम्मान गर्नुपर्छ र जनप्रतिनिधिहरू द्वारा देश र जनताको हितका लागि के कती पाइला चाल्छन् । त्यसपछि उनिहरूको बारेमा जनता आफैले पनि निर्णय लिने छन् । कांग्रेस कम्युनिष्टले आत्मसमीक्षा गरेर जनताप्रति आकर्षित हुनुपर्छ ।

सबै राजनैतिक दलहरू एकातिर र घन्टी एकातिर भएको भएपनि चुनावी परिणामले घण्टी नै मूलधार हो भन्ने देखाइसक्यो । यसको अर्थ यो होइन की उनिहरूलाई जनताले विजयी गराए भन्दैमा उनिहरू देशभक्त भएकाछन् । रास्वपाका नेताहरू को कताबाट सञ्चालित छन्, कति जनतावादी र देशभक्त छन्, कति स्वराजको रक्षार्थ खटिने हुन्, यसको नतिजा आगामी दिनहरूले देखाउने छ । रास्वपाका नेताहरूले पनि पहिलेका स्थापित दलका नेताहरूले झैं विदेशी कठपुतली र अपराधीहरूको इसारामा काम गर्न थाले भने अलोकप्रिय हुन लामो समय कुर्नुपर्नेछैन । अहिलेको समय भनेको देशका सबै राजनैतिक शक्तिहरू आ आफ्नो ब्यक्तिगत स्वार्थ भन्दा देशको हितका लागि एकजुटताको परिचय दिनुको बिकल्प देखिदैन । यो संसदमा नेमकिपा नेता र राजमोका चित्रबहादुर केसीजस्ता अनुभवी नेता हुनेछैनन् ।उनीहरूले गर्नेजस्तो भ्रष्टाचारको अन्त्य र सुशासनको माग गर्ने नेताको खाँचोपूर्ति कांग्रेस, कम्युनिष्ट र हर्क साम्पाङ्को पार्टीले गर्नुपर्नेछ ।

रास्वपाका नेताहरू अधिकांश युवा छन् । एकले अर्कोलाई चिनेका पनि छैनन् । हाम्रो समाजमा लडाकु स्वभावका निडर ब्यक्तिहरू छन् तर दुरदर्शीयता र देश र जनताको हितको बारेमा चिन्तन् गर्न सक्ने क्षमताका यो देशभित्र अलि थोरै भेटिन्छन् । त्यसैले भोलिको दिनमा फेरी अहिलेको जस्तै भमोरी आर्को राजनैतिक शक्तिको आगनमा पुग्नसक्छ । त्यसकारण जनताको मत भनेको क्षणमै बदलिनसक्ने झिल्कारूपी हुन्छ । रास्वपाले पाएको आकंडाको भयबाट मुक्त भएर स्वराजका लागि लड्न सबै तैयार हुनुपर्छ ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०　भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८२ चैत १०, March 24, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# बालेन सफल हुने हो भने...

चैत १३ गते बालेन साहले प्रधानमन्त्रीको शपथग्रहण गर्ने समाचार छ । त्यसैदिन साहले आफ्नो मन्त्रिमण्डललाई पनि शपथ खुवाउनेछन् । । रास्वपाले बहुमत ल्याए पनि बालेन्द्र साह प्रधानमन्त्री हुँदैनन् वा हुनसक्दैनन् भनेर फलाक्ने केही विश्लेषक र ज्योतिषहरूको भविष्यवाणी र विश्लेषण फेरि एकपल्ट गलत साबित हुँदैछ । मुख्य कुरा प्रधानमन्त्री को बन्दैछ ? कुन पार्टीको सरकार बहाल हुँदैछ ? भन्ने हुँदै होइन । प्रश्न त अबको प्रधानमन्त्री हुने वयक्तिले वा सरकार चलाउने पार्टीले मुलुकका यावत राजनीतिक समस्याहरूलाई ठिक ढंगले, चाहै शनै शनै नै किन नहोस्, समाधान गर्न सक्छ कि सक्दैन ? भन्ने मुख्य हो । व्यक्ति र राजनीतिक दलहरूलाई नेपाली जनताले धेरै देखे, भोगे । शेरबहादुर, ओली, प्रचण्ड पछिल्ला कालका प्रधानमन्त्री हुन् । ०४६ साल यता धेरै प्रधानमन्त्री भए । तर मुलुकका यावत समस्या ज्यूँका त्यूँ छन् । झ बढ्दा छन् । ती सबैलाई संवोधन गर्नसक्ने ल्याकत बालेन्द्र साह वा रास्वपामा छ कि छैन ? त्यो केही समयपछि नै देखिन कुरा हो । तर एउटा कुरा चैं पक्का के हो भने मुलुकलार्य स्थिरता, शान्ति, विकासतिर डोऱ्याउन राजनीतिक स्थिरता चाहिन्छ, त्यो अहिले पनि सुरसाको मुखझैं मुख खोलेरै बसेको छ ।

के बुहमत सरकार हुने बित्तिकै राजनीतिक स्थिरता हुन्छ त ? यदि हुन्छ भनेर कसैले भन्छ भने त्यो अल्पबृद्धिको भनेर जान्नुपर्छ । किनभने जबसम्म नेपाल निर्माताका सन्तानलाई किनरा लगाइन्छ, त्वसम्म नेपालमा राजनीतिक स्थिरता सम्भव नै छैन भन्नुपर्छ । आज पनि राजतन्त्र र हिन्दुवादीहरू सडकमा छन् । हिजो बलात निकालिएको राजसंस्थामा आज पनि बहुसंख्यक नेपालीहरू आशक्त छन् । त्यो कुरा बुझ्न बालेन्द्र साह र रास्वपाले जरूरी देखिन्छ । अरू त अरू केही राजतन्त्र र हिन्दुवादी संघसंस्थाहरूले बालेन्द्र साह र रास्वपाले संविधान संशोधन रेरराजसंस्थालाई पनि संविधानमा समेट्छन् भनेर आशा गरेर बसेका छन् । अफसोच, स्वयम् बालेन्द साह र उनको रास्वपाले संविधान संशोधनपश्चत राजस्स्थामात्र होइन, जनताले भार ठानेका संघीयताको खारेजीका विषयमा पनि बोलेका छैनन् । रास्वपाले के के गर्ने भनेर बाचापत्र र सय दिनमा गर्ने कार्यको सूची सार्वजनिक गरिसकेको छ । ३ महिनाभित्रै संविधान संशोधनको लागि छलफल अघि बढाउने पनि भनेको छ । यदि रास्वपा र बालेन्द्र साह संघीयता खारेजी, राजसंस्था र हिन्दुधर्मको पक्षमा आफूलाई उभ्याएन भने त्यहीँबाट रास्वपाको ओह्वालोयात्रा सुरू हुनेछ । हिजो मेयर हुँदा बालेन्द्र साहले जे गरे, उपसभापति स्वर्णिम वाग्लेले जे भने त्यो पार्टीको बचतका लागि नकारात्मक कुरा बोलेको भए पनि अब जिम्मेवार पदमा पुगेकाले देश हाँक्ने राजकाजका विषयमा त्यस्तो बोल्ने वा गर्ने छुट हुनेछैन । मूलकुरो बालेन्द्र साहलाई सफल हुनुछ, रास्वपालाई सफल पार्नुछ, यसका लागि संवाद र सहकार्यको राजनीतिको बिकल्प हुनेछैन । भन्नलाई सभापति रवि लामिछानेले यो संविधानप्रति प्रतिवद्ध छु भनेका छन् । तथापि संविधान संशोधन गर्नुछ, यसमा सुशासनका लागि सकारात्मक धाराहरू थप्नुछ । यही बेलामा हो, रास्वपा र बालेन्द्र साहले सफलताको भूमि तैयार गर्ने । जनताले मतको भारी बोकाइदिएका छन्, त्यो भारीमतको सम्मान गर्न, इज्जत राख्न पनि बालेन्द्र साहले काम गर्नैपर्छ ।

आलोचनाका लागि जसले जे भने पनि, विदेशीले चलाएको, नचाएको भने पनि रास्वपालाई नेपाली जनताले विश्वास गरेका छन् । जनताप्रति जवाफदेही राजनीति गर्न जनबल दिएका छन् । झण्डै दुई तिहाइको मत पाएको रास्वपा नेपालको इतिहासमा ऐतिहासिक पार्टी र बालेन्द्र साह ऐतिहासिक प्रधानमन्त्री बन्नसक्छन्, यसका लागि बाचापत्र र जनतासँग गरेका करार पूरा गर्नुका साथ संवाद, सहमति र सहकार्यको राजनीतिमा चल्न सके भने रास्वपा सफल हुनेछ । रास्वपा र बालेन्द्र साहको सफलता भनेको पुराना दलहरू किनारामा फालिनेछन्, पुराना नेताहरू पनि बेकम्मा हुनेछन् र नेपालको वर्तमान र भविष्य जेनजी पुस्ता साबित हुनेछन् । स्मरणीय के छ भने राजसंस्था किनारा लगाउन खोज्दा नेपाली कांग्रेस, एमाले, माओवादी बिस्थापित हुनपुगे । इतिहास भनेको शिक्षा हो, वर्तमान भनेको चुनौती हो, भविष्य भनेको आशा हो । शिक्षा लिएर चुनौतीको सामना गर्ने हो भने आशा पूरा हुनसक्छ । नेपाली जनताले खोजेको चुनौतिको समाधान र आशाको परिपूर्ति हो । यही कडीभित्र सुशासन अन्तर्निहित छ । सुशासनभित्र यही देशमा गरिखान पाइन्छ भन्ने विश्वास जागरण हुनसक्छ । यही कडीभित्र रोजगारी सिर्जना र आत्मनिर्भरता, स्वावलम्बन पनि अन्तर्निहित रहेको छ । नयाँ पुस्ताका लागि यो अवसर हो ।

अवसर त ०४६ सालपछि बहुदलेहरूले पाएकै हुन् । ०६३ सालको परिवर्तनपछि कांग्रेस, एमाले, माओवादी, मधेसवादी, जातिवादी सबैले पाएका थिए । तर तिनले अवसरको दुरूपयोग गरे । आफन्तवाद र भ्रष्टाचारलाई लोकतन्त्रको भ्रम फैलाए । राजनीति भनेको अपराध गर्ने हो भन्ने उदाहरण देखाए । यसको परिणाम हो, गत फागनु २१ को निर्वाचनमा जनताले भ्रम छर्नेहरूलाई सबक सिकाए । चुनावबाटै डाँडो कटाए । जो आएका छन्, युवा आएका छन् । युवाले पनि देश बनाउन नसके कसले बनाउँछ । संसद नछिर्दै युवाहरूले भनेका छन्- आआफ्ना क्षेत्रका समस्या, राष्ट्रका चुनौतीलाई सामना गर्नसक्नेगरी कार्यक्षमता देखाउनेछौं । समय आयो, नयाँ पुस्ताले आफ्नो चमत्कारिक छवि देखाएर देश निर्माण गर्नेतिर लाग्ने ।

# सुशासनका लागि सुधारको सुविधा - डा. बिनिता

बालेन्द्र सरकारलाई प्रशासनिक सुधारका लागि सुविधा छ । देश बिग्रेको ट्रेड युनियनका कारण हो भन्ने जुन कालो छाप बसेको छ, त्यसलाई धुने अवसर पनि छ । तर ट्रेड युनियनका नाममा भ्रष्टाचारमा रमाइरहेका बर्गले सरकार नबन्दै चुनौती दिन थालिसकेका देखिन्छन् । व्यापक प्रशासनिक सुधार केवल राजनीतिक र प्रशासनिक वातावरण परिवर्तनका लागि अनुकूल हुँदा मात्र संस्थागत रूपमा सफलतापूर्वक लागू गर्न सकिन्छ । हालै सम्पन्न आम निर्वाचनको परिणामले संसदमा भारी बहुमतसहित राष्ट्रिय स्वतन्त्र पार्टीलाई पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त प्रशासनिक प्रणाली स्थापना गर्ने जनादेश प्राप्त भएको छ । यही जनादेशअनुसार सरकार बलियो हुनेछ, काम गर्न जस्तोसुकै चुनौतिको सामना पनि गर्न सक्ने अवस्था देखिन्छ । जनादेशका कारण जनइच्छा परिपूर्ति गर्ने निर्णय योजना कार्यान्वयन गर्ने प्रमुख आधार व्यावसायिक, योग्यता-आधारित नौकरशाहीलाई सुदृढ बनाउनु हो ।

प्रशासनलाई स्थायी सरकार मानिन्छ । नेपालको सन्दर्भमा १९५६ को निजामती सेवा ऐन तटस्थता, दक्षता र योग्यता जस्ता सिद्धान्तलाई सुदृढ गर्दै नौकरशाहीलाई व्यावसायिक बनाउन लागू गरिएको थियो । यद्यपि पछिल्ला संशोधनहरूले यी सिद्धान्तलाई कायम राखे पनि, तिनको प्रभावकारी कार्यान्वयन हुनसकेन । टंक प्रसाद आचार्यदेखि ओलीसम्मका सरकारले विभिन्न प्रशासनिक सुधार आयोगहरू गठन गरे, तर तिनले प्रशासकहरूलाई राजनीतिको स्वार्थसिद्धि गर्ने हतियारमात्र बनाए । ०४६ सालपछिको बहदल र ०६५ सालमा गणतन्त्र कार्यान्वयन भएपछि पार्टीहरूले निजामती सेवाको राजनीतिकरण क्रमश: बढाउँदै लगे ।

२०४६ सालमा बहुदल पुनर्स्थापना भएपछि परिवर्तनले ल्याएको प्रशासनिक सुधारको सबैभन्दा हानिकारक परिणाम भनेको राजनीतिक दलसँग सम्बन्धित संघहरूको उदय हो । यो बिकृति हरेक संघसंस्था, बैंक, सरकारी प्रशासन सर्वत्र फैलिदै गयो । एकप्रकारले प्रशासनभित्र कार्यकर्ता उत्पादन गर्ने कारखानाजस्तो देखियो । निजामती कर्मचारीहरू खुलेआम राजनीतिक दलसँग सम्बन्धित संघहरूसँग जोडिए, झोल बोकेर हिड्नथाले । स्वच्छता र तटस्थताको अन्त्य गरियो । प्रत्येक तिनका अपराधलाई दलहरूले संरक्षण गरे ।

सेवाग्राही सम्बन्धित कार्यालयहरूमा घूस बढ्न थाल्यो, ढिलासुस्ती हुनथाल्यो । दलाली प्रवृत्ति बढ्यो ।

लोकतन्त्रको १७ वर्षमा १५ थरिका सरकार, यो सबै मिलिजुली खाउँ भाले संस्कृतिको परिणाम थियो ।

सिद्धान्त सकियो, नीति र निष्ठा कसैमा रहेन । जसरी पनि सत्तामा पुग्ने र कमाउने संस्कृति राजनीति बन्यो । यो राजनीतिमा प्रशासकहरूले पनि साथ दिए, प्रशासनलाई भ्रष्टाचारको थलो बनाए । देशबाट दक्ष जनशक्ति र युवाहरूको विदेश पलायनको मुख्य कारण नै राजनीतिको अपराधिकरण र नाताबाट, संरक्षणबाद बन्यो ।

राजनीति अपराधमा लिप्त हुँदो निजामती सेवाभित्र व्यावसायिकता, इमानदारी र योग्यता केही बाँकी रहेन । ठूला पार्टी र नेतासँग व्यभिचारमा संलग्न भए हरेक पद, अवसर किनबेच हुनेभयो । लथालिङ्ग व्यवस्थाका कारण कानुनी राज्य र लोकतन्त्र उपहास बन्न पुग्यो ।

२०औं शताब्दीको मध्यदेखि राजनीतिक विकासको अर्को दीर्घकालीन परिणाम भनेको सरकारी विभाग र कार्यालयहरूमा राजनीतिक दलसँग सम्बन्धित संघहरूको संस्थागतकरण हो । धेरै कार्यालयहरूमा विभिन्न दलसँग सम्बन्धित संघहरू एकैसाथ सञ्चालन हुन्छन्, जसले नौकरशाहीभित्र दल-आधारित व्यवस्थापन संस्कृतिलाई बढाउँदै लग्यो । प्रशासन दुशासन बन्नपुग्यो ।

आफ्ना पार्टीको मान्छे हेरेर अथवा घूसको रकम हेरेर सेवा दिन थालियो, प्रशासनप्रति जनता निराश भए ।

राजनीतिक दलहरूले नौकरशाहीमा प्रभाव जमाउने संस्कृतिलाई निरन्तरता दिने कार्यले राजनीति र प्रशासन दुबैतिर असफलता बढ्दै गएको हो । अब राजनीति सङ्ग्लो र स्वच्छ हुनुपर्छ भन्नेहरू सत्तामा जानलागेकाले निजामती कर्मचारीलाई नवप्रवर्तन, व्यावसायिक पहल र स्वतन्त्र निर्णय देखाउन उत्साहित गर्नसक्ने देखिन्छ । मुख्य समस्या भ्रष्टाचार गर्न पल्किसकेका कर्मचारीहरू सुध्रिन सक्लान् कि नसक्लान् भन्ने रहेको छ । कर्मचारीतन्त्र स्थायी सरकार हो भन्ने मान्यता राख्न कर्मचारीतन्त्र जाग्यो भने रास्वपाले भनेजस्तो प्रगति नहुने छैन ।

समस्या राजनीति नै हो । राजनीतिलाई समाज बदल्ने रूपमा होइन, स्वार्थसिद्ध गर्ने रूपमा नेताहरूले प्रयोग गर्नाले अपराधिकरण बढ्न गएको हो । अपराधीतन्त्र लोकतन्त्र हुनसक्दैन भन्ने प्रमाण नेपालको वर्तमान निर्वाचन हो ।

प्रशासनिक सुधारका प्रयत्न नभएका होइनन्, देखाउनका लागि मात्र यस्ता प्रयास हुनुले राजनीति असफल हुँदै गयो, प्रशासनयन्त्र राजनीतिको घूसखाने चम्चा बन्यो, फलत: देशमा अपराधिकता र भ्रष्टाचारले प्रश्रय पायो । जसका कारणले सिस्टम नै असफल भयो ।

अब रास्वपाले प्रशासनयन्त्रको स्वच्छतामा ध्यान दिने बताएको छ । सुशासनका लागि गर्नुपर्ने सबैप्रकारका अपरेशन गर्ने निधो गरेको छ । यही प्रतिवद्धताअनुसार बालेन्द्र सरकारले काम गर्न सक्यो भने नेपालमा राजनीतिको निर्मलीकरण र प्रशासनमा सेवाभाव स्थापित हुनसक्छ । रास्वपाले जनताले दिएको अपार मतादेशको शक्तिबाट गर्नसक्छ, गर्छु भनेर कम्मर कसेको छ, प्रतिवद्धता देखाएको छ । रास्वपाले यो अवसर छोप्ने देखिन्छ ।

योग्यताको कदर, पारदर्शी शासन प्रणाली, दण्ड र पुरस्कारको व्यवस्थापन गर्न सकियो भने रास्वपाले पुरानाको गल्ती सच्याउने छ, आफूलाई उत्तम सावित गर्नसक्नेछ । सुशासन रास्वपाको सरकारका लागि चुनौती हो, यो चुनौती संवोधन गर्नसक्ने मतादेश पाएकाले रास्वपाका नेताहरूले अलिकति विवेक लगाएर निर्णय गरे यो सम्भव छ ।

## पानीको स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरूपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

